# प्रभाव दैनिक

National Daily

इ-पेपरका लागि

वर्ष १३ | अंक ९९ | काठमाडौं | शुक्रबार, १५ साउन २०८३ | Prabhab National Daily | Friday, 31 July 2026 | www .prabhabonline .com | पृष्ठ ८ | मूल्य रू. ५ ।-


# धार्मिक तनावले मधेश अशान्त, सरकार चुक्दा फैलँदै असन्तुष्टि



■ जेबी योञ्जन

**काठमाडौं–** सुनसरीको देवानगञ्ज-कप्तानगञ्जमा दुई समुदाय (हिन्दु र मुस्लिम समुदाय)बीच उत्पन्न तनावका कारण तीन जनाको मृत्यु भएको छ । आइतबारयता भड्किएको हिंसाका कारण तीन युवाको मृत्यु भएको हो ।

आइतबार सुनसरी देवानगञ्ज- ४ का ३० वर्षीय ओमप्रकाश मेहताको मृत्यु भयो । देवागञ्जमै २० वर्षीय जयप्रकाश मेहताको उपचारका क्रममा बिहीबार निधन भयो । विहीबार नै सर्लाहीको गोलबजारमा गणेश यादवको ज्यान गयो ।

घटनापछि सरकारसँग तत्कालै दुई विकल्प थिए- निष्पक्ष छानबिन गरेर पीडित समुदायको विश्वास जित्ने वा सुरक्षा बलको भरमा परिस्थिति नियन्त्रण गर्ने । तर सरकारले दोस्रो बाटो रोजेका कारण अहिले मधेशको घटना बागमती प्रदेश हुँदै अरु प्रदेशमा पनि सल्कने खतरामा पुगेको छ ।

“

- साउन १० गते सुनसरीको देवानगञ्ज गाउँपालिका-३, कप्तानगञ्जमा धार्मिक विषयलाई लिएर दुई समुदायबीच विवादले सल्किएको द्वन्द्व मधेशमा फैलिएको छ
- तीन जनाको मृत्यु र दुई दर्जन बढी सुरक्षाकर्मी घाइते भएपछि बल्ल सरकारले यस विषयमा चासो दिन थालेको छ
- स्थिति नियन्त्रणमा लिन स्थानीय प्रशासनले धनुषाको जनकपुर, सिराहाको गोलबजार तथा सुनसरीको देवानगञ्ज र कप्तानगञ्ज लगायतका स्थानमा कर्फ्यु आदेश जारी

गोली चलेको घटनाको चार दिन पछिमात्र प्रधानमन्त्री वालेन्द्र शाहले यस विषयलाई सम्बोधन गरेका छन् । तालुकदार मन्त्रालयका गृहमन्त्री सुधन गुरुङ बिहीबार बल्ल प्रभावित क्षेत्र पुगे ।

पाँच दिनको अवधिमा गोली लागेर तीन जनाको मृत्यु भइसकेको छ । सर्वसाधारण, बालबालिका र सुरक्षाकर्मीसहित दर्जनौं घाइते भएका छन् । विभिन्न स्थानमा आगजनी, तोडफोड, बजार बन्द, सडक अवरुद्ध, कर्फ्यु, निषेधाज्ञा र नेपाली सेनाको परिचालनसम्मको अवस्था सिर्जना भएको छ । घटनाक्रमले बालेन सरकारको संकट व्यवस्थापन, राजनीतिक नेतृत्व र शान्ति स्थापना गर्ने क्षमतामाथि गम्भीर प्रश्न खडा गरेको छ । विपक्षी दलहरूले सरकारलाई असफल घोषणा गर्दै प्रधानमन्त्री बालेन शाह र गृहमन्त्री सुधन गुरुङको भूमिकामाथि प्रश्न उठाएका छन् ।

⏭ क्रमशः पृष्ठ २ मा

## सुनसरी घटनाको चार दिनपछि बालेनको सम्बोधन

**काठमाडौं (प्रस)–** प्रधानमन्त्री वालेन्द्र शाहले तराई-मधेशमा धार्मिक तनाव फैलिएको पाँचौ दिनमा बल्ल देशबासीका नाममा सम्बोधन गरेका छन् । उनले पूर्वी तराईको सुनसरी र मधेशका विभिन्न जिल्लामा भएको धार्मिक तनावप्रति गम्भीर चिन्ता व्यक्त गरेका छन् ।

बालेनले घटनामा ज्यान गुमाएका जयप्रकाश मेहता, ओमप्रकाश मेहता र गणेश यादवप्रति श्रद्धाञ्जली व्यक्त गरे । शोकसन्तप्त परिवारप्रति समवेदना पनि प्रकट गरे । घाइतेहरूको शीघ्र स्वास्थ्यलाभको कामना गर्दै उनले उपचारमा कुनै कमी हुन नदिने बताए ।

उनले भने, 'नेपाल सरकार घटनाप्रति पूर्ण रूपमा गम्भीर र संवेदनशील छ ।' घटनाको निष्पक्ष छानबिन हुने उल्लेख गर्दै दोषी जोसुकै भए पनि कानुनी कारबाही हुने उनको भनाइ छ । 'छानबिन पूर्ण रूपमा निष्पक्ष र पारदर्शी हुनेछ,' उनले भने, 'दोषी जो-कोही भए पनि कानुनी दायरामा ल्याइने छ ।'

प्रधानमन्त्री बालेनका अनुसार सरकारले शान्ति-सुरक्षा कायम गर्न आवश्यक सबै संयन्त्र परिचालन गरेको छ । स्थानीय तहमा जनप्रतिनिधि, नागरिक समाज र धार्मिक अगुवासँग संवाद भइरहेको उनले बताए ।

गृहमन्त्री सुधन गुरुङ र सुरक्षा निकायका उच्च अधिकारी प्रभावित क्षेत्रमा खटिएको जानकारी पनि उनले दिए । राष्ट्रिय सुरक्षा परिषद्ले पनि परिस्थितिबारे समीक्षा गरेर आवश्यक निर्णय गरिसकेको उनको भनाइ छ । प्रधानमन्त्री बालेनले सामाजिक सञ्जालमा फैलिने अफवाहबाट सचेत रहन आग्रह गरे । 'असत्य र अपुष्ट सूचना नफैलाऔं,' उनले भने, 'सरकारी निकायबाट जारी भएका आधिकारिक सूचनामा मात्र विश्वास गरौं ।' सरकारको पहिलो जिम्मेवारी नागरिकको जिउधनको सुरक्षा भएको उनले बताए । सामाजिक सद्भाव बिगार्ने गतिविधि सह्य नहुने पनि उनले स्पष्ट पारे ।

⏭ क्रमशः पृष्ठ २ मा

### राष्ट्रपति र प्रधानमन्त्री बोलनबीच भेट



राष्ट्रपति रामचन्द्र पौडेलले प्रधानमन्त्री बालेनसँग मुलुकका विभिन्न भागमा भएको विषम घटना र परिस्थितिका बारेमा जानकारी लिएका छन् । मधेशमा हिंसात्मक घटना बढेपछि राष्ट्रपति पौडेलले प्रधानमन्त्री शाहलाई बिहीबार शीतलनिवास बोलाएर अवस्थाबारे चिन्ता र चासो व्यक्त गरेका हुन् ।

राष्ट्रपतिका प्रेस सल्लाहाकार किरण पोखरेलका अनुसार राष्ट्रपति पौडेललाई प्रधानमन्त्री शाहले शान्ति सुव्यवस्था क°ायम गर्न सरकारबाट भइरहेको प्रयासबारे जानकारी गराएका थिए । उक्त अवसरमा राष्ट्रपति पौडेलले राजनीतिक दललगायत सबै पक्षलाई साथमा लिएर संयमतापूर्वक स्थितिलाई साम्य पार्न एवं सद्भाव क°ायम गर्न सुझाव दिएको पोखरेलले बताए ।

सन्दर्भः वैदेशिक रोजगार

## राहदानीको चापका कारण कोरियन भाषा परीक्षाको आवेदन म्याद थपियो

**काठमाडौं (प्रस)–** रोजगार अनुमति प्रणाली (इपिएस) अन्तर्गत सञ्चालन हुने भाषा परीक्षाको आवेदन दिने म्याद थप गरिएको छ । जसअनुसार साउन २० गतेसम्म आवेदन दिन सकिने वैदेशिक रोजगार विभागअन्तर्गतको इपिएस कोरिया शाखाले जानकारी दिएको छ ।

इपिएस भाषा परीक्षाको आवेदन खुलेसँगै राहदानी विभाग तथा राहदानी सेवा केन्द्रहरूमा परेको अत्यधिक चाप न्यूनीकरण गर्न र योग्य नागरिक नछुटून् भन्ने उद्देश्यले फाराम भर्ने म्याद थप गरिएको सूचनामा भनिएको छ । एचआरडी सर्भिस अफ कोरिया, इपिएस कोरिया शाखा नेपाल, वैदेशिक रोजगार विभाग र कोरिया इपिएस शाखाको संयुक्त बैठकबाट म्याद थप गर्ने निर्णय भएको जनाइएको छ । यसअघि यही साउन १७ गते (अगस्ट २) गतेसम्म म्याद तोकिएको थियो ।

सूचनाअनुसार राहदानीको म्याद समाप्त भइसकेका आवेदकहरूले पनि सोही राहदानीको विवरण राखेर आवेदन दिन सक्ने छन् ।

⏭ क्रमशः पृष्ठ २ मा


## प्रेस विज्ञप्ति

### मलेसिया रोजगारीमा सिन्डिकेटको चलखेलप्रति गम्भीर ध्यानाकर्षण

लामो समय बन्द रही आंशिक रूपमा मात्र सञ्चालनमा रहको नेपाल-मलेसिया श्रम बजार अब पूर्ण रूपमा खुल्ने महत्वपूर्ण चरणमा पुगेको अवस्थामा केही स्वार्थ समूह तथा गलत नियत भएका तत्वहरूले वैदेशिक रोजगार क्षेत्रमा पुनः कुनै न कुनै नाम वा बहानामा सिन्डिकेट लागू गराउने, सीमित संस्था वा व्यक्तिलाई मात्र लाभ पुग्ने गलत प्रणाली स्थापित गर्ने, नीतिगत निर्णयलाई प्रभावित पार्ने तथा नेपाल-मलेसियाबीचको दीर्घकालीन श्रम तथा कूटनीतिक सम्बन्धलाई समेत अनावश्यक रूपमा प्रभावित गर्ने उद्देश्यले विभिन्न तहमा चलखेल गरिरहेको भन्ने जानकारी प्राप्त भएको छ। यस सम्बन्धमा नेपाल वैदेशिक रोजगार व्यवसायी संघको गम्भीर ध्यानाकर्षण भएको छ। विगतमा यस्तै प्रकृतिका सिन्डिकेटका कारण नेपाली श्रमिकमाथि अनावश्यक आर्थिक भार थपिएको, वैदेशिक रोजगारको लागत कृत्रिम रूपमा वृद्धि भएको, स्वस्थ प्रतिस्पर्धा समाप्त भएको तथा केही सीमित समूहले मात्र अनुचित आर्थिक लाभ लिएको तीतो अनुभव अझै ताजा रहेको अवस्थामा पुनः त्यही प्रकृतिका गतिविधि दोहोरिन खोजिनु अत्यन्त गम्भीर, दुर्भाग्यपूर्ण र चिन्ताजनक विषय हो। वैदेशिक रोजगार क्षेत्रलाई पारदशी, प्रतिस्पधी, उत्तरदायी र श्रमिकमैत्री बनाउने राज्यको उद्देश्यविपरीत हुने कुनै पनि गतिविधि नेपाल वैदेशिक रोजगार व्यवसायी संघका लागि पूर्ण रूपमा अस्वीकार्य छ ।

यदि मलेसिया रोजगारीमा कुनै पनि नाम वा बहानामा पुनः सिन्डिकेट, एकाधिकार वा अतिरिक्त अनिवार्य प्रक्रिया लागू गरियो भने त्यसको प्रत्यक्ष र सबैभन्दा ठूलो मार नेपाली श्रमिकमाथि पर्नेछ । श्रमिकहरूले अनावश्यक परीक्षण, प्रमाणीकरण, शुल्क वा अन्य कृत्रिम प्रक्रियाका नाममा अतिरिक्त रकम तिर्न बाध्य हुनेछन्, जसले वैदेशिक रोजगारको कुल लागत अप्रत्याशित रूपमा वृद्धि गर्नेछ । यसका साथै इजाजतप्राप्त वैदेशिक रोजगार व्यवसायी संस्थाहरूबीचको स्वस्थ प्रतिस्पर्धा समाप्त हुने, सीमित समूहको नियन्त्रण बढ्ने, वैदेशिक रोजगार क्षेत्रमा विकृति, अपारदर्शिता, आर्थिक अनियमितता र भ्रष्टाचारले पुनः प्रश्रय पाउने तथा नेपालको वैदेशिक रोजगार प्रणालीको अन्तर्राष्ट्रिय विश्वसनीयतामा समेत नकारात्मक असर पर्ने निश्चित छ । यस्तो व्यवस्था श्रमिक, व्यवसायी, रोजगारदाता वा राष्ट्र-कसैको पनि हितमा नहुने भएकाले कुनै पनि बहानामा यसलाई स्वीकार गर्न सकिँदैन ।

श्रमिकमाथि थप आर्थिक भार पार्ने, सीमित समूहलाई अनुचित लाभ पछ्याउने तथा वैदेशिक रोजगार क्षेत्रमा पुनः सिन्डिकेट स्थापना गर्ने कुनै पनि प्रयास नेपाल वैदेशिक रोजगार व्यवसायी संघले कुनै पनि हालतमा स्वीकार गर्ने छैन । युवा, श्रम तथा रोजगार मन्त्रालय, वैदेशिक रोजगार विभाग, नेपालस्थित मलेसियाली दूतावास, मलेसिया सरकार तथा सम्बन्धित सम्पूर्ण सरोकारवाला निकायलाई यस्ता गतिविधिप्रति तत्काल गम्भीर बन्न, निष्पक्ष छानबिन गरी कुनै पनि प्रकारको सिन्डिकेटलाई प्रश्रय नदिन तथा श्रमिक र राष्ट्रको हितलाई सर्वोपरि राखी निर्णय गर्न जोडदार आग्रह गर्दछ । साथै, यदि कुनै पनि नाम वा बहानामा सिन्डिकेट लागू गर्ने, त्यसलाई संरक्षण गर्ने वा श्रमिकमाथि थप आर्थिक भार सिर्जना गर्ने प्रयास भएमा नेपाल वैदेशिक रोजगार व्यवसायी संघ आफ्ना सदस्य संस्था, श्रमिक तथा सम्बन्धित सरोकारवालासँग समन्वय गरी कानुनी, नीतिगत तथा आवश्यक परे चरणबद्ध सशक्त आन्दोलनका कार्यक्रम सञ्चालन गर्न बाध्य हुनेछ । यसर्थ कुनै पनि व्यक्ति, संस्था वा निकायलाई क्षणिक स्वार्थ, अनुचित लाभ वा भ्रमपूर्ण आश्वासनको प्रभावमा नपरी राष्ट्रिय हित, श्रमिकको हित तथा कानुनी व्यवस्थाअनुरूप जिम्मेवार भूमिका निर्वाह गर्न संघ हार्दिक आग्रह गर्दछ । अन्यथा यस्ता गतिविधिबाट उत्पन्न हुने कानुनी, प्रशासनिक तथा सामाजिक परिणामको सम्पूर्ण जिम्मेवारी त्यस्ता गतिविधिमा संलग्न व्यक्ति, संस्था वा सम्बन्धित निकाय स्वयंले वहन गर्नुपर्ने व्यहोरा समेत यसै विज्ञप्ति मार्फत स्पष्ट गरिन्छ ।

**डिक बहादुर खत्री (कुमार)**
अध्यक्ष

**हिरा बहादुर डाँगी**
महासचिव

**नेपाल वैदेशिक रोजगार व्यवसायी संघ**
सिफल-७, काठमाडौं, फोन नं. ०१-४५५०५६५/ ४५५४४१८



## प्रेस विज्ञप्ति

नेपालको सबैभन्दा ठूलो श्रम बजार मलेसियाको रोजगारी पूर्ण रुपमा सञ्चालनतर्फ अघि बढिरहेको सन्दर्भमा वैदेशिक रोजगार क्षेत्रमा विभिन्न नाम, बहाना तथा प्रक्रियाको आवरणमा सिन्डिकेट लागू गराउने, सीमित संस्था वा व्यक्तिलाई मात्र लाभ पुग्ने गलत प्रणाली स्थापित गर्ने, नीतिगत निर्णयलाई प्रभावित पार्ने तथा नेपाल र मलेसियाबीचको दीर्घकालीन श्रम तथा कूटनीतिक सम्बन्धलाई समेत अनावश्यक रुपमा प्रभावित गर्ने उद्देश्यले विभिन्न तहमा चलखेल भइरहेकोप्रति नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसनको गम्भीर ध्यानाकर्षण भएको छ ।

नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसन स्पष्ट रुपमा घोषणा गर्दछ कि कुनै पनि नाम वा बहानामा वैदेशिक रोजगार क्षेत्रमा सिन्डिकेट, एकाधिकार वा सिमित समूहको स्वार्थअनुकूल व्यवस्था स्थापना गर्ने प्रयास लोकतान्त्रिक मूल्य मान्यता, खुला प्रतिस्पर्धा, सुशासन तथा श्रमिक हितविपरीत भएकाले त्यस्तो व्यवस्था एसोसिएसनलाई कुनै पनि हालतमा मान्य हुने छैन ।

विगतमा यस्तै प्रकृतिका सिन्डिकेटका कारण नेपाली श्रमिकमाथि अनावश्यक आर्थिक भार थपिएको, वैदेशिक रोजगारको लागत कृत्रिम रुपमा वृद्धि भएको, स्वस्थ प्रतिस्पर्धा समाप्त भएको तथा सीमित समूहले मात्र अनुचित आर्थिक लाभ लिएको तीतो अनुभव अझै ताजा रहेको छ । यस्तो अवस्थामा मलेसिया रोजगारीमा पुनः सिन्डिकेट लागू गर्न खोजिनु अत्यन्त गम्भीर, दुर्भाग्यपूर्ण तथा चिन्ताजनक विषय हो । वैदेशिक रोजगार क्षेत्रलाई पारदशी, प्रतिस्पर्धात्मक, उत्तरदायी तथा श्रमिकमैत्री बनाउने राज्यको उद्देश्यविपरीत हुने कुनै पनि गतिविधि एसोसिएसनका लागि पूर्ण रुपमा अस्वीकार्य छ ।

यदि मलेसिया रोजगारीमा कुनै पनि नाम वा बहानामा सिन्डिकेट, एकाधिकार वा अतिरिक्त अनिवार्य प्रक्रिया लागू गरियो भने त्यसको प्रत्यक्ष तथा सबैभन्दा ठूलो मार नेपाली श्रमिकमाथि पर्नेछ । श्रमिकहरुले अनावश्यक परीक्षण, प्रमाणीकरण, शुल्क वा अन्य कृत्तिम प्रक्रियाका नाममा अतिरिक्त रकम तिर्न बाध्य हुनेछन्, जसले वैदेशिक रोजगारको कुल लागत अप्रत्याशित रुपमा वृद्धि गर्नेछ । साथै, इजाजतप्राप्त वैदेशिक रोजगार व्यवसायी संस्थाहरुबीचको स्वस्थ प्रतिस्पर्धा समाप्त हुने, सीमित समूहको नियन्त्रण बढ्ने, वैदेशिक रोजगार क्षेत्रमा विकृति, अपारदर्शिता, आर्थिक अनियमितता तथा भ्रष्टाचारले पुनः प्रश्रय पाउने र नेपालको वैदेशिक रोजगार प्रणालीको अन्तर्राष्ट्रिय विश्वसनीयतामाथि समेत नकारात्मक असर पर्ने निश्चित छ । यस्तो व्यवस्था श्रमिक, व्यवसायी, रोजगारदाता तथा राष्ट्र कसैको पनि हितमा हुँदैन ।

श्रमिकमाथि थप आर्थिक भार पार्ने, सीमित समूहलाई अनुचित लाभ पुर्याउने तथा वैदेशिक रोजगार क्षेत्रमा सिन्डिकेट स्थापना गर्ने कुनै पनि प्रयास नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसनले कुनै पनि अवस्थामा स्वीकार गर्ने छैन । श्रमिक तथा व्यवसायीलाई प्रत्यक्ष असर पर्ने यस्ता महत्वपूर्ण निर्णयहरु सम्बन्धित सरोकारवाला पक्षसँग पर्याप्त छलफल, सहमति तथा पारदशी प्रक्रियाबाट मात्र लागू गरिनुपर्छ । कुनै पनि निर्णय एकतर्फी रुपमा थोपर्न खोजिनु लोकतान्त्रिक अभ्यास र सुशासनको मर्मविपरीत हो ।

तसर्थ, नेपाल सरकार, युवा, श्रम तथा रोजगार मन्त्रालय, वैदेशिक रोजगार विभाग, नेपालस्थित मलेसियाली राजदूतावास, मलेसिया सरकार, नेपाल वैदेशिक रोजगार व्यवसायी संघ तथा अन्य सम्बन्धित निकायहरुलाई यस्ता गतिविधिप्रति तत्काल गम्भीर बन्न, निष्पक्ष छानबिन गर्न, कुनै पनि प्रकारको सिन्डिकेटलाई प्रश्रय नदिन तथा श्रमिक र राष्ट्रको हितलाई सर्वोपरि राखी निर्णय गर्न नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसन जोडदार आग्रह गर्दछ । साथै, एसोसिएसनले नेपाल वैदेशिक रोजगार व्यवसायी संघको वर्तमान नेतृत्वमाथि गम्भीर प्रश्न उठाउँदै उक्त नेतृत्वले व्यवसायीहरुको पेशागत हकहितको प्रभावकारी संरक्षण गर्न नसकेको ठहर गरेको छ । साथै, मलेसिया रोजगारीसँग सम्बन्धित सिन्डिकेटमुखी वा सिमित समूहलाई लाभ पुग्ने कुनै पनि निर्णय तत्काल स्थगन गरी व्यापक पुनरावलोकन गर्न पनि एसोसिएसन जोडदार माग गर्दछ ।

यदि कुनै पनि नाम वा बहानामा सिन्डिकेट लागू गर्ने, त्यसलाई संरक्षण गर्ने वा श्रमिकमाथि थप आर्थिक भार सिर्जना गर्ने प्रयास गरिएमा नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसन आफ्ना सदस्य संस्था, श्रमिक, व्यवसायी तथा सम्बन्धित सरोकारवालासँग समन्वय गरी कानुनी, नीतिगत तथा आवश्यक परे चरणबद्ध सशक्त आन्दोलनका कार्यक्रम सञ्चालन गर्न बाध्य हुने स्पष्ट गर्दछ । साथै वैदेशिक रोजगार क्षेत्रसँग सम्बन्धित सम्पूर्ण सरोकारवाला निकाय, व्यवसायी तथा श्रमिक संगठनहरुलाई श्रमिकको वास्तविक हित संरक्षणका लागि एकताबद्ध भई आवाज उठाउन एसोसिएसन हार्दिक आह्वान गर्दछ । श्रमिक तथा व्यवसायीको हकहितमाथि प्रहार हुने कुनै पनि नीति, निर्णय वा व्यवस्थाविरूद्ध एसोसिएसन दृढतापूर्वक उभिने प्रतिबद्धता व्यक्त गर्दछ ।

कुनै पनि बहानामा वैदेशिक रोजगार प्रक्रियामा अनावश्यक अवरोध सिर्जना गर्ने तथा सीमित समूहको स्वार्थ पूरा गर्ने उद्देश्यले ल्याइने सिन्डिकेट व्यवस्था तत्काल खारेज गरिनुपर्छ भन्ने हाम्रो स्पष्ट धारणा रहेको छ । श्रमिक तथा व्यवसायीको हितविपरीत हुने यस्ता निर्णयप्रति सम्बन्धित निकाय गम्भीर बन्नुपर्ने आवश्यकता औंल्याउँदै नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसन मलेसिया रोजगारीमा सिन्डिकेट स्थापना गर्ने कुनै पनि प्रयासप्रति आफ्नो घोर असहमति, कडा विरोध तथा तीव्र आपत्ति पुनः व्यक्त गर्दछ ।

नेपालको संविधानले प्रत्येक नागरिकलाई कानुनबमोजिम कुनै पनि पेशा, व्यवसाय तथा रोजगारी गर्न पाउने मौलिक अधिकार सुनिश्चित गरेको छ । उक्त संवैधानिक अधिकारको प्रतिकूल हुने गरी कुनै पनि प्रकारको सिन्डिकेट, एकाधिकार वा सीमित समूहलाई लाभ पुग्ने व्यवस्था सिर्जना गरी व्यक्तिको व्यवसाय गर्न पाउने मौलिक अधिकारमाथि आघात पुर्याउने कुनै पनि प्रयासप्रति नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसन सधैं कटिबद्ध रुपमा उभिनेछ । संविधानप्रदत्त मौलिक अधिकार, खुला प्रतिस्पर्धा तथा विधिको शासनको संरक्षणका लागि एसोसिएसन सदैव दृढतापूर्वक प्रतिबद्ध रहनेछ ।

यसर्थ, कुनै पनि व्यक्ति, संस्था वा निकायलाई क्षणिक स्वार्थ, अनुचित लाभ वा भ्रमपूर्ण आश्वासनको प्रभावमा नपरी राष्ट्रिय हित, श्रमिकको हित तथा प्रचलित कानुनी व्यवस्थाअनुरुप जिम्मेवार भूमिका निर्वाह गर्न एसोसिएसन हार्दिक आग्रह गर्दछ । अन्यथा यस्ता गतिविधिबाट उत्पन्न हुने कानुनी, प्रशासनिक तथा सामाजिक परिणामको सम्पूर्ण जिम्मेवारी त्यस्ता गतिविधिमा संलग्न व्यक्ति, संस्था वा सम्बन्धित निकाय स्वयंले वहन गर्नुपर्ने व्यहोरा यसै विज्ञप्तिमार्फत स्पष्ट गरिन्छ ।

**सुबर्ण लामा**
कार्यवाहक अध्यक्ष

**सुमन राज पाण्डे**
महासचिव

**नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसन**
काठमाडौं, नेपाल

## पृष्ठ १ बाट क्रमशः

## धार्मिक तनावल...

साउन १० गते सुनसरीको देवानगञ्ज गाउँपालिका-३, कप्तानगञ्जमा धार्मिक विषयलाई लिएर दुई समुदायबीच विवाद भयो। विवाद झडपमा परिणत भएपछि सुरक्षाकर्मीले गोली चलाए । गोली लागेर २४ वर्षीय ओमप्रकाश मेहताको मृत्यु भयो । त्यस घटनापछि सरकारसँग तत्कालै दुई विकल्प थिए- निष्पक्ष छानबिन गरेर पीडित समुदायको विश्वास जित्ने वा सुरक्षा बलको भरमा परिस्थिति नियन्त्रण गर्ने। सरकारले दोस्रो बाटो रोजेको आरोप अहिले व्यापक रूपमा उठिरहेको छ ।

गोली चलेको घटनाको चार दिन बितिसक्दा पनि प्रधानमन्त्री बालेन शाह सार्वजनिक रूपमा मौन रहे । प्रभावित क्षेत्रमा पुगेनन् । सर्वदलीय संवाद भएन । समुदायका अगुवासँग विश्वास निर्माण गर्ने प्रयास देखिएन । यसैबीच सुनसरीमा उपचाररत अर्का घाइतेको बिहीबार मृत्यु भयो । मृतक संख्या दुई पुग्यो। त्यसैदिन सिरहाको गोलबजारमा प्रदर्शनका क्रममा प्रहरीको गोली लागेर १५ वर्षीय गणेश यादवको मृत्यु भयो । यससँगै सुनसरी घटनापछि फैलिएको तनावमा मृत्यु हुनेको संख्या तीन पुगेको छ।

### सरकार मौन रहँदा चर्कियो आन्दोलन

सुनसरीमा भएको घटनालाई लिएर विभिन्न संघसंस्था र स्थानीय समूहले मधेशका विभिन्न जिल्लामा प्रदर्शन थाले । सुरुमा विरोध प्रदर्शनमा सीमित आन्दोलन क्रमशः उग्र बन्दै गयो। जनकपुरधाम, गोलबजार, लहान, राजविराज, मटिहानी, वीरगञ्जलगायत क्षेत्रमा सडक अवरुद्ध गरियो। टायर बालियो। बजार बन्द गराइयो। प्रहरी र प्रदर्शनकारीबीच पटक-पटक झडप भयो ।

सिरहाको गोलबजारमा एबी मल, नेहाल आइरन स्टोर, नौसाद मोटरसाइकल ग्यारेज, रोयल प्रिन्स होटल एन्ड पार्टी प्यालेस तथा वडा अध्यक्ष सोहेब अनवरको घरमा आगजनी भयो । नेपाल टेलिकम अगाडि पार्किङमा रहेका २१ वटा मोटरसाइकलमा आगो लगाइयो । जनकपुरधाममा दिनभर ढुंगामुढा भयो । प्रहरीले दुई दर्जनभन्दा बढी सेल अश्रुग्यास प्रहार गर्नुपर्‍यो। ढुंगामुढाबाट १२ वर्षीय आनन्द दास गम्भीर घाइते भए । अर्का स्थानीय भोगेन्द्र कुमार रामको टाउको फुट्यो। सिरहा र धनुषामा गरी १९ जना सुरक्षाकर्मी घाइते भए । सर्वसाधारणतर्फ पनि धेरै घाइते भए।

### स्थिति नियन्त्रणबाहिर पुगेपछि कर्फ्यु र सेना

परिस्थिति थप बिग्रँदै गएपछि सरकारले कडा सुरक्षा रणनीति अपनाएको छ । धनुषाको जनकपुरधाम र सिरहाको गोलबजार क्षेत्रमा अनिश्चितकालीन कर्फ्यु जारी गरिएको छ । पर्साको वीरगञ्जमा निषेधाज्ञा लागू गरिएको जिल्ला प्रशासन कार्यालयले जनाएको छ। त्यसपछि नेपाली सेना परिचालन गरिएको छ।

धनुषाका प्रमुख जिल्ला अधिकारी प्रेमप्रसाद लुइँटेलले स्थानीय प्रशासन ऐनअनुसार नेपाली सेनालाई परिचालन गर्न पत्राचार गरे। उक्त पत्रमा आवश्यकता परे न्यूनतम सैनिक शक्ति प्रयोग गर्दै गोली हान्नेसम्मको अधिकार प्रत्यायोजन गरिएको उल्लेख छ । यसले सरकार सुरुदेखि संवाद र विश्वास निर्माणभन्दा सुरक्षा बलको प्रयोगतर्फ केन्द्रित भएको आरोपलाई थप बल दिएको छ। यता तनाव लगातार फैलिइरहेका बेला प्रधानमन्त्री बालेन शाहले चौथो दिन राष्ट्रिय सुरक्षा परिषद्को बैठक बोलाए।

बैठकमा सुनसरी घटनादेखि मधेशमा फैलिएको तनाव, सुरक्षा चुनौती र सम्भावित जोखिमबारे छलफल भएको छ । बैठकमा प्रधानमन्त्रीले राष्ट्रका नाममा सम्बोधन गरेपछि राजनीतिक संवाद सुरु गर्ने, गृहमन्त्रीलाई प्रभावित क्षेत्रमा पठाउने तथा समुदायबीच विश्वास पुनःस्थापना गर्ने विषय उठेको थियो ।

### संसद्मा न्याखन्याख

बिहीबारको प्रतिनिधिसभा बैठकमा विपक्षी दलहरूका सांसदहरूले सरकारको आलोचना गरे । उनीहरूले गोली चल्नुपर्ने अवस्था किन आयो भन्ने प्रश्न उठाए । प्रधानमन्त्री बालेन र गृहमन्त्री गुरुङ संसद्मा उपस्थित भएर जवाफ दिनुपर्ने माग गरे ।

नेपाली कांग्रेसकी प्रमुख सचेतक वासना थापाले भनिन्, 'नागरिकको ज्यान जाने गरी गोली चलाउनुपर्ने अवस्था किन आयो ? सरकारले यसको जवाफ सदनमा दिनुपर्छ र घटनाको सम्पूर्ण जिम्मेवारी सरकारले लिनुपर्छ ।' नेकपा एमाले संसदीय दलकी उपनेता पद्मा अर्यालले त प्रधानमन्त्री बालेन र गृहमन्त्रीको राजीनामा मागिन् । जेनजी विद्रोहको बेला प्रहरीले चलाएको गोलीमा तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओली र गृहमन्त्री रमेश लेखकलाई जिम्मेवार ठहर्‍याए जसरी सुनसरीको देवानगञ्ज र सिहराको गोलबजारमा प्रहरीले गोली चलाउँदा तीन जना नागरिकको ज्यान जानुमा बालेन र सुधनलाई जिम्मेवार मानेर थुन्नुपर्ने बताइन् ।

नेकपाका सांसद गोपाल शर्माले पनि बालेन सरकारको विरोध गरे । उनले भने, 'प्रधानमन्त्रीले संसद्मा आएर देशलाई जानकारी दिनुपर्थ्यो । तर, विडम्बना, हाम्रो प्रधानमन्त्री कहाँ हुनुहुन्छ, के गर्दै हुनुहुन्छ, न संसदलाई जानकारी छ, न कसैलाई जानकारी छ ।' विपक्षी दलहरूले प्रधानमन्त्रीको मौनताले जनतामा अन्योल र असन्तुष्टि बढाएको दाबी गरेका छन् । यसबीच मधेशकेन्द्रित दलहरूले पनि बालेन सरकार पाँच दिनसम्म मौन बसेको भन्दै विरोध जनाएका छन् । जनता समाजवादी पार्टी, नेपाल, राष्ट्रिय मुक्ति पार्टी, जनमत पार्टी, राष्ट्रिय निर्माण दल तथा संविधानसभा सदस्य रामकुमार शर्मालगायत नेताहरूले संयुक्त वक्तव्य जारी गर्दै बालेन सरकारको भूमिकामाथि प्रश्न उठाएका छन् ।

वक्तव्यमा सर्वोच्च अदालतका अवकाशप्राप्त न्यायाधीशको नेतृत्वमा उच्चस्तरीय न्यायिक छानबिन समिति गठन गर्न माग गरिएको छ । त्यस्तै, घटनामा मृत्यु भएकालाई सहिद घोषणा गर्न, परिवारलाई क्षतिपूर्ति, रोजगारी र सामाजिक सुरक्षा दिन माग गरिएको छ । घटनामा बाह्य तत्वको संलग्नता भए-नभएको स्वतन्त्र अनुसन्धानबाट सार्वजनिक गर्न तथा गोली चलाउने निर्णयको पनि छानबिन गर्न उनीहरूले माग गरेका छन् । राष्ट्रपतिदेखि पूर्वराजासम्मको अपिल तनाव बढेपछि राष्ट्रपति रामचन्द्र पौडेलले सामाजिक सद्भाव कायम गर्न सबैलाई अपिल गरेका छन् ।

पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीले पनि राष्ट्रिय एकता, सहिष्णुता र शान्तिपूर्ण सहअस्तित्वको संरक्षण गर्न आग्रह गरेकी छन् । पूर्वराजा ज्ञानेन्द्र शाहले पनि नेपाल विभिन्न समुदायबीचको सद्भावका लागि परिचित देश भएकाले सबै नेपाली मिलेर बस्नुपर्ने सन्देश दिएका छन् । प्रमुख विपक्षी नेपाली कांग्रेस संसदीय नेता भीष्मराज आङ्देम्बेले आपसी सद्भाव र धार्मिक सहिष्णुता कायम गर्नुपर्ने बताएका छन् । नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले पनि सुनसरीदेखि वीरगञ्जसम्म फैलिएको धार्मिक तनाव व्यवस्थापनमा बालेन सरकार अक्षम भएको बताएका छन् । उनले पनि हिन्दु र मुस्लिम धार्मिक समुदायबीच सद्भाव कायम गर्नुपर्ने र त्यसका लागि राजनीतिक दलहरूले पनि भूमिका निर्वाह गर्नुपर्ने बताएका छन् ।

### मधेश सरकार र मोरङमा छुट्टाछुट्टै पहल

मधेश प्रदेश सरकारले मन्त्रिपरिषद् बैठक बसेर शान्ति, सामाजिक सद्भाव र धार्मिक सहिष्णुता कायम गर्न सबै पक्षलाई संयमता अपनाउन आग्रह गरेको छ । मुख्यमन्त्री कृष्णप्रसाद यादवले सुरक्षा निकायसँग समन्वय गरेर सम्भावित सुरक्षा चुनौती नियन्त्रण गर्न प्रदेश सरकार प्रतिबद्ध रहेको बताएका छन् ।

यता मोरङमा प्रमुख जिल्ला अधिकारीको आह्वानमा बिहीबार सर्वपक्षीय सद्भाव बैठक बसेको छ। बैठकले धार्मिक सद्भाव कायम राख्ने निर्णय गर्दै विराटनगरमा बृहत् सद्भाव र्‍याली आयोजना गर्ने निर्णय गरेको छ।

■■■

## सुनसरी...

'शान्ति-सुरक्षा कायम गर्नु र ा ज य क ा सर्वोच्च दायित्व हो,' प्रधानमन्त्री शाहले भने, 'अराजकता फैलाउने गतिविधिमाथि कडा कदम चालिन्छ ।'

नेपालको संविधानले सबै नागरिकलाई आफ्नो धर्म मान्ने अधिकार दिएको उनले स्मरण गराए । सरकारले सबै धर्म र समुदायको समान सम्मान गर्ने पनि उनले बताए । उनले एउटा स्थानको घटनालाई लिएर कुनै समुदायलाई दोष दिन नहुने बताए । प्रतिशोधको भावना त्याग्न उनले सबैलाई आग्रह गरे । 'देशको एउटा घटनाका आधारमा सिंगो समुदायलाई दोष दिन मिल्दैन,' उनले भने, 'प्रतिशोधको आगो फैलाउनु कुनै पनि दृष्टिले उचित हुँदैन ।'

नेपालको इतिहास कठिन परिस्थितिमा पनि एकता र सहिष्णुताले देशलाई अघि बढाएको उनले उल्लेख गरे । अहिले पनि सबैले संयम अपनाउनुपर्ने उनको भनाइ छ। 'हामी सबैले जिम्मेवार नागरिकको भूमिका निभाउनुपर्छ, शान्ति, सद्भाव र भाइचारा कायम राख्न म सबैमा हार्दिक अपिल गर्दछु,' उनले भने ।

■■■

## राहदानीको चापका...

भाषा तथा सीप परीक्षा उत्तीर्ण भई रोजगार आवेदन फाराम भर्ने समयसम्ममा म्याद बाँकी भएको राहदानी पेस गर्न सकिने व्यवस्था पनि मिलाइएको छ। केही दिनयता कोरिया रोजगारीका लागि आवेदन दिन नयाँ राहदानी बनाउने र म्याद सकिएका राहदानी नवीकरण गराउनेहरूको चाप बढेको जनाइएको छ । यसर्थ, दरखास्त फाराम भर्नकै लागि राहदानी नवीकरण गर्न नपर्ने भएको छ। राहदानी विभागको प्रणाली स्तरीकरणको कार्य भइरहेकाले अत्यावश्यक परेको अवस्थामामात्र राहदानीको आवेदन दिन पनि अनुरोध गरिएको छ।

कोरियाले सन् २०२६ का लागि सात हजार २०० जनाको कोटा छुट्याएको छ । यस वर्षका लागि उत्पादनमूलक क्षेत्रमा पाँच हजार, कृषि तथा पशुपालनमा दुई हजार, सेवा क्षेत्रमा १०० र वन क्षेत्रमा १०० जनाले रोजगारीको अवसर पाउने जनाइएको छ। आकर्षक रोजगार गन्तव्य कोरियामा हरेक वर्ष मागको तुलनामा धेरै गुणा आवेदन पर्दै आएको छ।

# आन्दोलनमा उत्रने एसोसिएसनको चेतावनी

**काठमाडौँ (प्रस)**– नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसनले मलेसियाको रोजगारी पूर्ण रूपमा सञ्चालनतर्फ अघि बढिरहेका बेला पुनः सिन्डिकेट लागू गराउन चलखेल भइरहेको आरोप लगाएको छ। बिहीबार एसोसिएसनका कार्यवाहक अध्यक्ष सुवर्ण लामा र महासचिव सुमनराज पाण्डेले प्रेस विज्ञप्ति जारी गर्दै यस्तो आरोप लगाएको हो।

एसोसिएसनले कुनै पनि बहानामा वैदेशिक रोजगारमा सीमित समूहको स्वार्थअनुकूल व्यवस्था थोपर्न खोजिए त्यसको सशक्त विरोध गर्ने चेतावनीसमेत दिएको छ । 'कुनै पनि बहानामा वैदेशिक रोजगार क्षेत्रमा सिन्डिकेट, एकाधिकार वा सीमित समूहको स्वार्थअनुकूल व्यवस्था स्थापना गर्ने प्रयास लोकतान्त्रिक मूल्य मान्यता, खुला प्रतिस्पर्धा, सुशासन तथा श्रमिक हितविपरीत भएकाले त्यस्तो व्यवस्था एसोसिएसनलाई कुनै पनि हालतमा मान्य हुने छैन,' विज्ञप्तिमा भनिएको छ।

विगतमा पनि यस्तै सिन्डिकेटका कारण श्रमिकले अतिरिक्त शुल्क तिर्नुपरेको र वैदेशिक रोजगारको लागत कृत्रिम रूपमा बढेको एसोसिएसनले जनाएको छ। व्यवसाय पारदर्शी र प्रतिस्पर्धात्मक बनाउनुपर्नेमा सिन्डिकेटले श्रमिकमाथि नै भार पर्ने एसोसिएसनको ठहर छ । 'यदि मलेसिया रोजगारीमा अतिरिक्त अनिवार्य प्रक्रिया लागू गरियो भने श्रमिकहरूले अनावश्यक परीक्षण, प्रमाणीकरण वा शुल्कका नाममा अतिरिक्त रकम तिर्न बाध्य हुनेछन् ।संविधानले दिएको पेशा-व्यवसाय गर्ने मौलिक अधिकारको रक्षाका लागि सम्झौता नगर्ने स्पष्ट पार्दै एसोसिएसनले चेतावनी दिएको छ ।


### बिमालेख हरायो

मिति २०८३/०३/१० गते काठमाडौं स्थित रामशाहपथदेखि टोखासम्म जाने क्रममा मेरो निम्न व्यहोरा भएको **बिमालेख** हराएको हुँदा पाउनु हुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुनु अनुरोध गर्दछु ।

**नाम : उत्तम अधिकारी**
**ठेगाना : टोखा न.पा.-१, काठमाडौँ**
**बिमालेख नं.: १७७९१५**
**कम्पनी : राष्ट्रिय जीवन बीमा कम्पनी लिमिटेड**
**सम्पर्क नं : ९८५११८२८४, ९८१८३१६८८०**

### मोटरसाइकल हराएको सूचना

मिति २०८३/०४/११ गते का.जि.ता.न.पा.५, लोलाङ मा पार्किङ गरी राखिएको अवस्थामा रातो/कालो रङ्को २२० सि.सि. पल्सर मोटरसाइकल रातको अन्दाजी ८:०० बजेको समयमा हराएको हुँदा पाउनु हुने वा देख्नुहुने महानुभावहरूले नजिकैको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनु हुन बिनम्र अनुरोध गर्दछु ।

**सवारी धनीको नाम : शिव शंकर थापा मगर**
**बाइक नं.: बा.प्र.-०२-०५४ प ८८३३**
**च्यासिस नं.: MD2A13EX7RCH83562**
**इन्जिन नं. : DKXCRH48582**
**ठेगाना : लोलाङ, काठमाडौं**
**सम्पर्क नं. ९८४१६४३८८२**

### कर्मचारी हटाईएको सूचना

नेपाल सरकारबाट बैदेशिक रोजगार व्यवसाय संचालन गर्न इजाजत प्राप्त यस **Aarohan Human Resource Pvt.Ltd.** इजाजत नम्बरः १४२८/०७४/०७५ मा कार्यरत निम्न कर्मचारी हाल यस कार्यालयबाट राजीनामा दिई कार्यरत नरहेको सम्बन्धित सबैमा जानकारी गराइन्छ । निजसँग यस प्रा.लि.को नाममा बैदेशिक रोजगार सम्बन्धी कुनै पनि काम नगर्न/नगराउनु हुन यसै सार्वजनिक सूचनाद्धारा सम्बन्धित सबैमा जानकारी गराइन्छ र यदि यसो गरे गराएमा यस प्रा.लि. जिम्मेवार हुने छैन ।

तपसिल

| क्र.स | नाम थर | नागरिकता नं |
|---|---|---|
| १ | Duk Kumar Karki | 12-01-72-06977 |
| २ | Sagar Bhetwal | 041012/1060 |
| ३ | Suman Joshi | 30-01-71-10223 |
| ४ | Ayusha Ghimire | 35-01-76-06987 |
| ५ | Sangita Shrestha | 24-04-77-07127 |
| ६ | Niruta Balkoti | 22-01-79-05078 |
| ७ | Rakesh Maharjan | 1195 |
| ८ | Devi Maharjan | 6316 |
| ९ | Nabin Adhikari | 14-1011-98597 |

Govt.Lic. No- 1428/074/075
AAROHAN HUMAN RESOURCE PRIVATE LIMITED
Sinamangal-09, Kathmandu (Nepal), T: 01-4565606, Prithivi Narayan Ray 9851336976
E:-arohanhumanresource@gmail.com, Web: www.aarohanhumanresource.com

### कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित मिति : २०८३/०४/१५ गते**

यस कम्पनीको मिति २०८३/०४/०१ को साधारण सभा/विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **माइटी माइन्ड्स् प्रा.लि.** को नाममा रहेको सम्पूर्ण चलअचल, सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि नाम परिवर्तित कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८३/०४/०६ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **स्वत : ग्रोथ भेन्चर्स प्रा.लि. (प्रा.लि.नं. २१७२०४)** कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।

### मोटरसाइकल हराएको सूचना

मिति २०८३।०२।२१ गते का.जि.का.म.न.पा. वडा.नं. १६, सोह्खुट्टे अगाडि सडक खण्ड नजिकैबाट रातो/कालो रङ्को २२० सि.सि. पल्सर मोटरसाइकल राती २२:३० बजेको समयमा हराएको हुँदा पाउनु हुने वा देख्नुहुने महानुभावहरूले नजिकैको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनु हुन बिनम्र अनुरोध गर्दछु ।

**सवारी धनीको नाम : नवराज अधिकारी**
**बाइक नं.: बा.प्र.-०२-०४७ प ८५४१**
**च्यासिस नं.: MD2A13EXNCH86036**
**इन्जिन नं. : DKXCNM40295**
**सम्पर्क नं. ९८१०२२४५३१**

### VACANCY ANNOUNCEMENT

**Date: 2083-04-15 (2026-07-31)**

Civil Human Hospital pvt.Ltd requires qualified candidates for the following post.

**Post : Ms (General Surgery)- 1 NOS.**
**Qualification :** Ms (General Surgery)
**Working Experience :** 2 Years experience in similar field

All qualified candidates meeting the above criteria must apply with an up-to-date C.V, copies of certificates & testimonials, two references and current & expected remuneration. Only short listed candidates will be contacted.

**Apply To: HR Department**
**Interested candidates may apply within 15 days.**

**Civil Human Hospital, Pvt.Ltd**
Chandrapur-4, Rautahat
Telephone No: 05-5540648, Whatsapp No: 9855019823
Email: civilhumanhospital@gmail.com

NIC ASIA
एन आई सी एशिया बैंक लि.

**एन आई सी एशिया बैंक लिमिटेड**
रजिष्टर्ड कार्यालयः प्रज्ञा मार्ग, कमलादी, काठमाडौं
फोन नं.: +९७७-१-५९७१२९७/९८
टोल फ्री नं.: १६६०-०१-७७७७१, (NTC) १८१०-२१-७७७७१, (NCELL)
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्,
सिरहा शाखा, सिरहा नगरपालिका, सिरहा
सम्पर्क फोन: +०३३-५२११५५

### निक्षेप रकम उपर हकदाबी सम्बन्धी ३५ (पैंतीस) दिने सूचना

लिखितम् श्री किशोरी ठाकुरको नातिनी, सुरेन्द्र झाको पत्नी, सुर्य नारायण ठाकुरको छोरी मधेश प्रदेश सिराहा जिल्ला, सिराहा नगरपालिका वडा नं. ५ हाल सिराहा - १६ बस्ने ६६ वर्षकी श्रीमती उषा देवी झा को मिति २०८३/०३/०५ (ई.सं. १९/०६/२०२६) मा मृत्यु भएकोले स्व. उषा देवी झाकी छोरा हाल सिराहा - १६ बस्ने श्री संजीव कुमार झाले मृतकको एकल नाममा यस बैंकमा सञ्चालनमा रहेको खाताको निक्षेप भुक्तानी पाऊँ भनी निवेदन दिनुभएको हुँदा उक्त निक्षेपमा निज बाहेक अन्य कसैको हकदाबी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र सबुत प्रमाण सहित यस बैंकको सिराहा शाखा, सिराहा नगरपालिकामा दाबी गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । उल्लेखित म्यादभित्र कुनै निवेदन प्राप्त नभएमा वा रित पूर्वकको निवेदन प्राप्त नभएमा कानून बमोजिम रकम भुक्तानी हुने व्यहोरा समेत सम्बन्धित सबैको जानकारीको लागि यसै सूचना मार्फत जानकारी गराईन्छ ।

29 YEARS OF DOING MORE...


## आजको राशिफल



**ज्यो. गुरु अनन्त**
अनन्त योग अल्केमी
स्वयम्भू, काठमाडौं, नेपाल
फोन : ९८४९२०३४५६

**शुक्रबार, १५ साउन, २०८३**

- **मेष** – दाम्पत्य तथा पारिवारिक सम्बन्धमा मधुरता आउनेछ। यात्राको सम्भावना देखिन्छ।
- **वृष** – मेहनतको उचित प्रतिफल प्राप्त हुनेछ। बोलीमा संयम अपनाउनु लाभदायक हुनेछ।
- **मिथुन** – नयाँ व्यक्तिसँगको भेटले भविष्यमा फाइदा। खर्च बढ्न सक्ने भएकाले सावधानी अपनाउनुहोस्।
- **कर्कट** – व्यवसाय र जागिरमा सकारात्मक प्रगति हुनेछ। स्वास्थ्यमा सामान्य सतर्कता आवश्यक छ।
- **सिंह** – सिर्जनात्मक कार्यमा सफलता मिल्नेछ। परिवारसँग रमाइलो समय बित्नेछ।
- **कन्या** – धैर्य र संयमले सफलता दिलाउने दिन छ। पुरानो समस्या समाधानतर्फ अघि बढ्ने संकेत छ।
- **तुला** – नयाँ कामको अवसर प्राप्त हुन सक्छ। खर्चमा नियन्त्रण राख्नु राम्रो हुनेछ।
- **वृश्चिक** – पारिवारिक सहयोगले मन प्रसन्न रहनेछ। लगानी गर्दा सोचविचार दिनुहोस्।
- **धनु** – कार्यक्षेत्रमा प्रशंसा प्राप्त हुने सम्भावना छ। स्वास्थ्यमा सामान्य ध्यान दिनुहोस्।
- **मकर** – अधुरा काम पूरा हुनेछन्। साथीभाइसँगको सम्बन्ध अझ प्रगाढ बन्नेछ।
- **कुम्भ** – आत्मविश्वास बढ्ने दिन छ। अनावश्यक विवादबाट टाढा रहनु राम्रो हुन्छ।
- **मीन** – अध्ययन, अनुसन्धान तथा नयाँ योजना बनाउन अनुकूल समय छ। आर्थिक पक्ष सन्तोषजनक रहनेछ।

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल ४४१४७९८/४४२७४५२ | |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५२६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६र६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातव्य | ४२५५५४०/४२५५५४१ |
| चिकित्सालयरशववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| **एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल** | |
| किडनी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

१५ साउन, २०८३ (३१ जुलाई २०२६)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० को | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर | १ को | १५२.७४ | १५३.३४ |
| युरो | १ को | १७४.०० | १७४.६८ |
| पाउन्ड स्टर्लिङ | १ को | २०३.०८ | २०३.८७ |
| स्विस फ्रैन्क | १ को | १८६.३३ | १८७.०६ |
| अस्ट्रेलियन डलर | १ को | १०६.०३ | १०६.४५ |
| क्यानाडियन डलर | १ को | १०८.२९ | १०८.७२ |
| सिङगापुर डलर | १ को | ११८.२१ | ११८.६७ |
| जापानी येन | १० को | ९.३४ | ९.३७ |
| चिनियाँ युआन | १ को | २२.५८ | २२.६६ |
| साउदी अरब रियाल | १ को | ४०.६९ | ४०.८४ |
| कतारी रियाल | १ को | ४१.९० | ४२.०६ |
| थाई भाट | ख १ को | ४.५६ | ४.५८ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ४१.५९ | ४१.७५ |
| मलेसियन रिङ्गेट | १ को | ३७.३५ | ३७.५० |
| दक्षिण कोरियन वन | १०० को | १०.५३ | १०.५७ |
| स्विडिस क्रोनर | १ को | १५.७४ | १५.८० |
| डेनिस क्रोनर | १ को | २३.२८ | २३.३७ |
| हङकङ डलर | १ को | १९.४८ | १९.५५ |
| कुवेती दिनार | १ को | ४९६.१५ | ४९८.१० |
| बहराइन दिनार | १ को | ४०५.०७ | ४०६.६६ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेबसाइट www .nrb .org .np मा उपलब्ध हुनेछ ।

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

### संयम बनौं, आगो निभाऔं

सुनसरी देवानगञ्ज स्थानीय युवा बोलबम यात्रामा निस्केका थिए । डिजेको आवाज बजाउँदै उनीहरू जाँदा अर्को समूहले आवाज ठुला भएको भन्दै प्रतिवाद हुँदा भएको विवादकै कारण प्रहरीको गोली लागेर एक युवाको मृत्यु भयो । प्रहरीको गोली लागेर देवानगञ्ज- ४ का ३० वर्षीय ओमप्रकाश मेहताको गत आइतबार नै मृत्यु भएको थियो । यही विवादको बीउ अहिले मधेशमा फैलिएको छ । देवागञ्जमै २० वर्षीय जयप्रकाश मेहताको उपचारका क्रममा बिहीबार निधन भयो । विहीबार सर्लाहीको गालबजारमा गणेश यादवको सडकमै ज्यान गयो ।

देवानगञ्जबाट फैलिएको प्रर्दशनको आगोले तीन जना युवाको ज्यान गइसकेको छ । यही कारण मधेशका विभिन्न जिल्लामा आगो फैलने क्रममा छ । बिहीबार सिरहा, धनुषा, पर्सा लगायत ठाउँमा प्रदर्शन भइरहेका छन् । स्थिति नियन्त्रणमा लिन सेना परिचालन गरिएको छ । प्रहरीले चलाएको गोली लागेर गोलबजार क्षेत्रका गणेशको मृत्युपछि प्रदर्शन लहानतिर पनि सरेको छ । प्रदर्शन नफैलियोस् भनेर प्रशासनले कर्फ्यु आदेश जारी त गरेको छ । तर स्थानीयहरू कर्फ्यु उल्लंघन गर्दै प्रदर्शन, नाराबाजी र तोडफोड गरिरहेका छन् ।

धार्मिक समूहले शुक्रबार सिराह बन्द गरिएको छ । चितवनदेखि तराईंका विभिन्न जिल्लासमेत बन्दको घोषणा विभिन्न समूहले गरेको छ । यो बीचमा प्रधानमन्त्री वालेन्द्र शाहले देशबासीको नाममा सम्बोधन गर्दै आपसी एकता, सहिष्णुता र विवेकी बन्न आग्रह गरेका छन् । प्रधानमन्त्री बालेनले जिम्मेवार नागरिकको भूमिका निर्वाह गर्दै नेपाली आकाशमा मडारिएको अशान्तिको बादल हटाउनसमेत आग्रह गरेका छन् ।

सुनसरी घटनाको चार दिनपछि गृहमन्त्री सुधन गुरुङ पनि मधेश झरेका छन् । काठमाडौंलाईमात्र देश मान्ने उहिल्यैको सत्ताधारीले झैं यसपटक पनि सरकारले त्यस्तै व्यवहार गर्दा मधेशमा चार दिनमै दनदनी आगो सल्किन शुरु भएको छ । यस्तो अवस्थामा शान्ति भड्कन नदिन सरकारले पहिलो जिम्मेवारी हो ।

यसका लागि सरकारले सुरक्षाकर्मीलाई संयम बनाउनुपर्छ । सेना परिचालन गरेर जनजीवन त्रसित बनाउनुभन्दा सरकारले जनतालाई विश्वास दिलाउन सक्नुपर्छ । भयानक स्थितिको सिर्जना भइसकेको अवस्थामा अब परिस्थिति सम्हाल्न सरकारमात्र लागेर हुने स्थिति देखिन्न । त्यसैले सम्बन्धित क्षेत्रका जनताले पनि शान्ति कायम गर्न सरकारलाई साथ दिनुपर्छ ।

समाजलाई आपसमा जोड्ने र प्रेम बाँड्ने शक्ति धर्म हो । तर अहिले धर्मकै नाममा घृणा र अशान्ति मच्चिएको छ । यस्तो अवस्थालाई मध्यनजर गर्दै सबैले अआफ्नो तवरबाट स्थितिलाई सामान्य बनाउनेतिर भूमिका खेलौं । आगो निभाउनेतिर लागौं ।

# सम्भावनाको जगमा उपेक्षित कर्णाली



❑ दामोदर खनाल

हामीसँग रहेका हिमालय, हरिया वनपाखा, नदी, झरना, ताल, खोलानाला, विविध सांस्कृतिक विशेषतायुक्त जात जाति आदि पर्यटन विकासको बलिया आधार हुन् । मात्र हाम्रा नीति निर्माणकर्ता नेतृत्वसँग इच्छाशक्तिको कमी र हरेक क्षेत्रमा राजनीतिको गलत अभ्यासले जरा गाड्नु नै नकारात्मक पक्ष रहेको छ । साँच्चै सम्भावना बोकेको कर्णाली प्रदेशको विकास अन्य प्रदेशको तुलनामा हुन सकेको देखिँदैन । तसर्थ, यसप्रति राज्यपक्षको ध्यान जान सके कर्णालीको विकासले समग्रमा मुलुककै आर्थिक विकासमा टेवा पुग्नुको साथै कर्णालीको पर्यटन, जलविद्युत् र कृषिको विकाससँगै रोजगारी सिर्जनासमेत हुने छ ।

नेपाल विकासका लागि प्रचुर आधार र सम्भावना भएको मुलुक हो । यहाँको प्राकृतिक सौन्दर्यता, हिमशृंखला, नदीनाला, वनजंगल, भौगोलिक विविधताले अन्य मुलुकलाई लोभ्याइरहेको छ । यद्यपि, हाम्रा नेतृत्व वर्गले यसको महत्त्व बुझेर स्पष्ट योजनाका साथ अगाडि बढ्न नसकेका कारण हामी हाम्रै सम्भावनाबाट ठगिएका छौं ।

बहुदल, गणतन्त्र, लोकतन्त्र आएपछि मात्र विकासको सम्भव देखेका हाम्रा दलीय नेतृत्व वर्ग आन्दोलनमा पटक-पटक सफल देखिए पनि विकासमा सफल सावित हुन भने सकेका छैनन् । हरेक आन्दोलनमा एकताबद्ध भएर अगाडि बढेरै विजयी हासिल गरे । तर गणतन्त्र स्थापना भइसकेपछि संविधान कार्यान्वयन र विकास निर्माणको सवालमा एक जुट भएको अनुभूति नेपाली जनताले गर्न सकेका छैनन् ।

अव प्रसंग बदलौं, यो पटक गत असारमा दुई हप्ता लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशका गरी १६ वटा जिल्लाका महत्त्वपूर्ण ठाउँहरू घुम्ने, वस्तुस्थिति बुझ्ने अवसर मिल्यो । मैले यहाँ खासगरी कर्णालीका सुर्खेत, दैलेख, कालिकोट, जुम्ला, मुगु, हुम्लालगायतका जिल्ला घुम्दा देखेका केही महत्त्वपूर्ण सम्भावना, समस्या र गर्न सकिने आधारकाबारे चर्चा गर्ने प्रयास गरेको छु ।

इतिहास हेर्दा कर्णाली एक शक्तिशाली र समृद्ध राज्य थियो । खस राज्यको राजधानी सिञ्जा नेपाली भाषा संस्कृतिको उद्गमस्थलका रूपमा चिनिन्छ । यो राज्य १३औं शताब्दीमा पूर्व गोर्खा, पश्चिम काश्मीरको लद्धाक, उत्तरमा भोटको गुगे र दक्षिणमा लखनाउको गोमती नदीसम्म पुगेको थियो । कर्णाली नदी आसपास हुँदै चीनको गुगे बराङ्बाट हुम्ला, जुम्ला, दुल्लु, सुर्खेतहुँदै दक्षिणमा भारतसम्म आवतजावत व्यापारिक रेशममार्गले अर्थ वाणिज्य क्षेत्रमा ख्याती प्राप्तगरी समृद्धि हासिल गरेको थियो । वि.सं. १८४६ मा जुम्ला राज्य नेपाल एकीकरणमा गाभिएपछि केन्द्रीयसत्ताबाट ओझेलमा पर्न गई कर्णाली क्षेत्र आर्थिक, सामाजिकरूपमा पछि परेको भनाइ पाइन्छ । पर्याप्त सम्भावना भएको क्षेत्रफलको आधारमा सबैभन्दा ठूलो प्रदेश अहिले धेरै क्षेत्रमा पछि परेको छ ।

हामीले कर्णाली प्रदेशको सम्भावना बोकेको कर्णाली नदीबाट थुप्रै ठाउँमा जलविद्युत् उत्पादन र सिचाइँका लागि प्रयोग गर्न सकिन्छ । हिमशिखर पग्लिएर बनेको स्थायी स्रोतको यो हुम्ला, जुम्ला, मुगुलगायत कर्णालीका विभिन्न ठाउँ र्‍याफ्टिङका लागिसमेत प्रयोग गरेर स्वदेशी तथा विदेशी पर्यटक आकर्षित गर्न सकिने राम्रो सम्भावना छ । त्यतिमात्र होइन, यहाँका उर्वर र उजाड भूमिलाई सिञ्चित गरेर उत्पादन बढाउन सकिन्छ । कर्णाली संस्कृतिमामात्र होइन, प्रकृतिमा पनि धनी छ ।

मुगुको रारा, हुम्लाको लिमी लाप्चा लुकेको उपत्यका, उच्च हिमशिखर, हिमताल पर्यटकीय दृष्टिकोणले निकै महत्त्वपूर्ण छन् । पछिल्लो समय चीनसँग जोडिएको लिमी लाप्चा त कैलाश मानसरोवर दर्शन गर्ने स्थलको रूपमा विकास भएको छ । उता दैलेखको ग्यासखानी र पेट्रोलियम पदार्थको खानी उत्खनन गर्न सके त्यसबाट पनि थुप्रै रोजगार सिर्जना हुनुका साथै आर्थिक विकासमा ठूलो फड्को मार्न सक्दछ । राज्यलाई ५० वर्षसम्म पेट्रोलियम पदार्थको आवश्यकता परिपूर्ति गर्न सकिने अनुसन्धानबाट पत्ता लागेको छ ।

हामी भाषणमा विकास, एकता र समृद्धिका ठूला कुरा गर्छौं तर व्यवहारमा हाम्रा सम्भावनालाई स्पष्ट योजना बनाएर प्रयोगमा ल्याउन पटक्कै सकेको देखिँदैन । हामीमा अहिले पनि विश्व परिवेश हेरेर विकासमा अगाडि बढौं भन्नुभन्दा पनि राजनीतिमै अस्वस्थरूपमा तँछाड-मछाड गरिरहेको अवस्था छ ।

उता हुम्ला जिल्लाको नाम्खा गाउँपालिकाको लिमी लाप्चा पर्यटकीय आकर्षणको क्षेत्र हो । यो उपत्यकामा विभिन्न हिमाल, हिमताल, जंगली घोडा, चराचुरुंगी, चौंरी, भेँडा चरेका दृश्यले पर्यटकलाई आकर्षित गर्दछ । करिब पाँच हजार मिटरभन्दा बढी उचाइमा रहेको यो ठाउँ चीनसँगको सिमाना नजिक पर्दछ । र, यहाँबाट पवित्र कैलाश पर्वत र मानसरोवर तालको स्पष्ट दर्शन गर्न सकिन्छ । सदरमुकाम सिमकोटबाट मोटरबाटो हुँदै यो ठाउँ पुग्न सकिन्छ । लाप्चाबाट मानसरोवर दर्शन गर्न पासपोर्ट र भिसा आवश्यक नपर्ने भएकाले पछिल्लो समय यहाँ पुग्नेको संख्या बढ्दो छ । जुन ठाउँ पुग्न सिमकोटबाट हल्का सवारीसाधनमा आठदेखि नौ घण्टा लाग्दछ । विकट हिमाली क्षेत्र यो ठाउँमा फोन सम्पर्क हुँदैन भनी यहाँ पर्यटकीय आधारभूत कुराहरू पनि छैन । यो ठाउँप्रति राज्यको ध्यान जान सक्ने हो भनी पर्यटन विकासमा राम्रो टेवा पुग्ने र आर्थिक लाभ लिन सकिन्छ ।

यद्यपि, नेपालको सम्भावना र नेपालीको भावना नेतृत्व वर्गले बुझ्न सकेको देखिँदैन । राज्य हाँक्नेहरूको स्पष्ट योजना, दूर दृष्टि, दृढ इच्छाशक्तिको कमीले दक्ष जनशक्ति विदेश पलायन भइरहेको छ । हुन त यतिखेर नेपाली सबैमा एउटै चिन्ता छ- मुलुकमा सम्भावना भएर पनि विकास हुन सकेन । जबसम्म अति राजनीतिकरणको स्वार्थ त्यागेर हामीले नेपालमै केही गर्नुपर्दछ भन्ने भावनामा गोलबन्द हुन सक्दैनौं, तबसम्म मुलुकको विकासले काँचुली फेर्न सक्दैन । देश विकास र परिवर्तनका लागि संविधान संशोधन गरेर अगाडि बढ्न जरुरी छ ।

नेपालको विकास भाषणमा त धेरै भयो तर हाम्रा नेता जिम्मेवार भएर त्याग देखाउन सकिरहेको देखिँदैन । कुरा सिंगापुर, मलेसिया स्विटजरल्याण्डमा भएको विकासको सपना बाँडेको देखिन्छ । यथार्थमा जनताले अनुभूति गर्ने युवापिडीले खोजेको, विश्व परिवेशको विकासको छनक देखिएको छैन ।

## तत्काल गर्नुपर्ने काम

नेपाल प्रशस्त प्राकृतिक साधन स्रोत भएर पनि विकासमा निकै पछाडि परेको छ । कर्णाली क्षेत्रको वनजंगल, जडीबुटी, हिमशृंखला, जलसम्पदा, कला संस्कृति, जडीबुटी, जीवजन्तु, चराचुरुंगी नै यहाँका अपार सम्पत्ति हुन् । तर यो क्षेत्र घुम्दा प्रजातन्त्रको पुनःस्थापना भएको पनि झण्डै चार दशक पुग्न लाग्दा पनि राज्यको स्पष्ट नीति नियम बनाउन नसक्नुले नै कर्णाली ठगिएका अनुभूति हुन्छ ।

सरकार र जनप्रतिनिधिहरू विकास निर्माणप्रति दृढ संकल्पका साथ अगाडि नबढ्नुले यहाँको विकास निर्माण कछुवाकै गतिमा छ । विकास निर्माणका कार्य लामो समयदेखि संघीय राजधानी काठमाडौंदेखि सातै प्रदेशका ठाउँ-ठाउँमा अलपत्र र अस्तव्यस्त छन् । कतिपय राष्ट्रिय गौरवका आयोजनासमेत अलपत्र बनेका छन् । गत वर्षको भदौमामात्र हुम्ला सदरमुकाम सिमिकोटसँग कच्ची मोटरबाटो जोडिएको हो, जहाँ पुग्न निकै कष्टकर यात्रा गर्नु पर्दछ । यद्यपि, यो क्षेत्र पुग्न दुई लेनकोमात्र सडक सुविधा बन्ने हो भने यहाँ पर्यटन विकासमा ठूलो फड्को मार्न सक्दछ । यहाँका स्याउ, गेडागुडी, जडीबुटीलगायत अर्गानिक कृषि उत्पादनले सहरबजारमा पहिचानसँगै बजार भाउ राम्रो पाउन सक्दछ ।

कतिपय विकसित देशमा त्यहाँका नेता जनता वास्तवमै नियम कानुन र सिस्टममा हिँडेका कारणले विकासमा कायापलट भएको अनुभव गर्न सकिन्छ । विकास हाम्रो एजेण्डा भन्ने भनाइ त्यहाँका हरेक नागरिकमा झल्किन्छ । विकासका सवालमा झगडा हुँदैन, व्यक्तिगत स्वार्थ, सत्ता राजनीतिबाट त्यहाँका जनता र प्रशासकहरू धेरै टाढा भएको अनुभव गर्न सकिन्छ ।

तसर्थ, सम्भावना बोकेको कर्णाली प्रदेशको साँच्चिकै विकास चाहने हो भने राज्यले निःस्वार्थरूपमा त्यो क्षेत्रको विकासका लागि सडक, पर्यटन पूर्वाधार, कृषि, शिक्षा र स्वास्थ्यजस्ता क्षेत्रमा मन खोलेर बजेट विनियोजन गर्न आवश्यक छ ।

पहिले उजाड मरुभूमि भनेर चिनिने, पूर्वाधारका कुनै संरचना नभएको भूमि सिंगापुर साँच्चै शून्यबाट सुरू भई हाल आएर विश्वभर नै उदाहरणीय पर्यटकीय गन्तव्यको रूपमा प्रख्यात बन्न पुगेको छ । नेपालको सन्दर्भमा हेर्दा हामीसँग सिंगापुरकोजस्तै विकास गर्न सकिने अपार सम्भावना छन् । हामीसँग रहेका हिमालय, हरिया वनपाखा, नदी, झरना, ताल, खोलानाला, विविध सांस्कृतिक विशेषतायुक्त जात जाति आदि पर्यटन विकासको बलिया आधार हुन् । मात्र हाम्रा नीति निर्माणकर्ता नेतृत्वसँग इच्छाशक्तिको कमी र हरेक क्षेत्रमा राजनीतिको गलत अभ्यासले जरा गाड्नु नै नकारात्मक पक्ष रहेको छ । साँच्चै सम्भावना बोकेको कर्णाली प्रदेशको विकास अन्य प्रदेशको तुलनामा हुन सकेको देखिँदैन । तसर्थ, यसप्रति राज्यपक्षको ध्यान जान सके कर्णालीको विकासले समग्रमा मुलुककै आर्थिक विकासमा टेवा पुग्नुको साथै कर्णालीको पर्यटन, जलविद्युत् र कृषिको विकाससँगै रोजगारी सिर्जनासमेत हुने छ ।

## श्रम सरोकार

### नेपालमा पैसा पठाउनका लागि सुरक्षित माध्यम

विदेशमा कमाएको पैसा सुरक्षितसँग घरमा पठाउनु उत्तिकै आवश्यक छ । अवैधानिक माध्यमबाट पठाउँदा ठगीमा परिने सम्भावना हुन्छ । विदेशबाट नेपालमा आफ्ना आफन्तलाई पैसा पठाउन बैंक खाता वा रेमिटचान्स कम्पनीहरूको प्रयोग गर्न सकिन्छ । अझ रेमिटचान्सबाट पठाउन तुलनात्मकरूपमा सस्तो, सहज र भरपर्दो हुन्छ । वैधानिक माध्यमबाट रेमिटचान्स पठाउनेलाई सरकारले विभिन्न सुविधासमेत दिएको छ ।

नेपालमा पैसा पठाउन विभिन्न रेमिटचान्स कम्पनीहरूले सेवा दिँदै आइरहेका छन् । आफू कार्यरत देशबाट कुन कुन रेमिटचान्स कम्पनीले नेपालमा पैसा पठाउन काम गरिरहेका छन् भन्ने बुझ्नुपर्छ । अझ यसमा बुझ्न के जरुरी छ भने ती रेमिटचान्स कम्पनी नेपालमा रेमिटचान्स कारोबार गर्न अनुमति प्राप्त कम्पनी हो कि होइन । कतिपय अनुमति नलिई सञ्चालन गरिएको कम्पनीले कम सेवा शुल्क र बढी विनिमय दरमा पठाइदिने प्रलोभनमा पारेर ठगी गर्न सक्छन् । यसमा सचेतता अपनाउन जरुरी छ ।

रेमिटचान्स पठाउँदा पूर्ण विवरणसहित रकम पठाएको भौचर लिन अनिवार्य हुन्छ । त्यस्तो भौचर सुरक्षित राख्नुपर्छ । केही कारण नेपालमा पाउनुपर्ने व्यक्तिले नपाएको खण्डमा उक्त भौचरमार्फत दाबी गर्न सकिन्छ । यसका अलावा नेपालमा आउँदा सरकारले दिएका विभिन्न सेवा लिनका लागि पनि यस्तो भौचर आवश्यक पर्दछ ।

विदेशमा रहेका बैंक खातामार्फत पनि पैसा पठाउन सकिन्छ । यसका लागि पैसा पठाउने र प्राप्त गर्ने दुवै व्यक्तिको बैंक खाता हुनुपर्छ र बैंकको अन्तर्राष्ट्रिय सञ्जाल हुन पनि जरुरी हुन्छ । पैसा पठाउने व्यक्तिले पैसा प्राप्त गर्ने व्यक्तिको बैंकको नाम, खाता नम्बर र बैंकको एक अन्तर्राष्ट्रिय कोड जसलाई 'स्विफ्ट कोड' भनिन्छ, यी जानकारीहरू बैंकमा उपलब्ध गराएपछि इच्छाइएको व्यक्तिको खातामा रकम पुग्ने छ । यो माध्यमबाट पैसा पठाउन साधारणतया रेमिटचान्सभन्दा महँगो पर्छ ।

पैसा पठाउने क्रममा अनौपचारिक र गैरकानुनी माध्यमहरू पनि भेटिन्छन् । यस्ता संयन्त्रमा आफूले पठाएको पैसाको कुनै ग्यारेन्टी नहुने हुनाले पैसा डुब्ने जोखिम धेरै हुन्छ । त्यसैले हुण्डीलगायत अवैधानिक च्यानल र व्यक्तिगत माध्यमबाट कहिल्यै पनि पैसा पठाउनु हुँदैन । यसरी अवैधानिक च्यानलबाट पैसा पठाउँदा भोलि नेपालमा आएपछि पनि समस्या हुनसक्छ ।

## पाठक मञ्च

# चिकित्सकमाथिको आक्रमण, सरकारी सहमति र दिगो सुरक्षाको प्रश्न

हालै वीरगञ्जस्थित नारायणी अस्पतालमा कार्यरत डा. प्रमोद राममाथि भएको बर्बर कुटपिट र तत्पश्चात् उत्पन्न घटनाक्रमले देशको स्वास्थ्य क्षेत्रको जर्जर तथा संवेदनशील अवस्थालाई पुनः उजागर गरेको छ । अस्पतालमा बिरामीको ज्यान जानु अत्यन्त दुःखद र पीडादायी विषय हो । तर, उपचारका क्रममा हुने प्रत्येक मृत्युलाई चिकित्सकको लापरवाही ठान्नु र आवेगमा आएर स्वास्थ्यकर्मीमाथि भौतिक आक्रमण गर्नु, तोडफोडमा उत्रनु कुनै पनि सभ्य समाजका लागि स्वीकार्य हुन सक्दैन ।

घटनापछि आक्रोशित बनेका चिकित्सकहरूले देशभर आकस्मिकबाहेकका सेवा ठप्प पारेका थिए भने नारायणी अस्पतालका ७१ जना चिकित्सकले सामूहिक राजीनामासम्म दिनुपर्ने परिस्थिति बन्यो । अस्पतालजस्तो अत्यावश्यक क्षेत्र बन्द हुँदा देशैभरका सर्वसाधारण, विशेषगरी दुर्गम र विपन्न वर्गका बिरामीहरूले पाएको सास्ती वर्णन गरी साध्य छैन । खुसीको कुरा, बुधबार गृह मन्त्रालय, स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय, कानुन मन्त्रालय र नेपाल चिकित्सक संघबीच पाँचबुँदे सहमति भएपछि चिकित्सकहरूले आन्दोलनका कार्यक्रम फिर्ता लिएका छन् र सेवा सञ्चालन भएको छ । तर, यो सहमतिले समस्याको दीर्घकालीन समाधान दिन्छ वा विगतका सम्झौता जस्तै पानामा सीमित रहन्छ भन्ने गम्भीर प्रश्न उब्जिएको छ ।

सरकारी पक्ष र चिकित्सक संघबीच भएका पाँच बुँदालाई सरसर्ती हेर्दा गृह मन्त्रालयले दोषीलाई स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षासम्बन्धी ऐन, २०६६ अनुसार कारबाही गर्ने, मुलुकी अपराध संहिता र अन्य ऐनहरू संशोधनका लागि विधेयक पेस गर्ने, उपभोक्ता संरक्षण ऐन संशोधनका लागि सात दिनभित्र कार्यदल बनाउने र विगतका सम्झौता कार्यान्वयनका लागि तीन दिनभित्र कार्यदल गठन गर्ने कुरा उल्लेख छ । यी बुँदाहरू स्वागतयोग्य र कागजीरूपमा आशालाग्दा देखिन्छन् । तर, नेपालमा यस्ता सहमति हुनु र कार्यदल गठन हुनु कुनै नयाँ विषय होइन । प्रश्न सहमति हुनुको होइन, सहमतिका बुँदाहरू इमानदारीपूर्वक कार्यान्वयन हुनुको हो ।

नेपालमा स्वास्थ्यकर्मीमाथि कुटपिट र अस्पतालमा तोडफोड भएको यो पहिलो घटना होइन । विगतमा पनि पटक-पटक यस्ता अमानवीय घटनाहरू घटेका छन्, चिकित्सकहरू आन्दोलित भएका छन् र सरकारले हरेक पटक यस्तै सहमति गरेर आन्दोलन साम्य पार्ने काम गर्दै आएको छ । 'जेल विथआउट बेल' (जमानतविनाको कैद) को कानुनी व्यवस्था कागजमा त छ, तर व्यवहारमा जबसम्म अपराधीहरू राजनीतिक संरक्षण वा अन्य बहानामा उन्मुक्ति पाउँछन्, तबसम्म यस्ता घटना दोहोरिइरहन्छन् । जब अस्पतालभित्रै चिकित्सक स्वयं असुरक्षित महसुस गर्छन्, तब उनीहरूले निर्धक्क भएर बिरामीको उपचार कसरी गर्न सक्छन् ? भय र त्रासको वातावरणमा दिइने स्वास्थ्य सेवाले न बिरामीको हित गर्छ, न त स्वास्थ्य प्रणालीको नै ।

अर्कोतर्फ, नागरिकको दृष्टिकोणबाट हेर्दा पनि अस्पतालहरूप्रतिको अविश्वास एकाएक बढेको होइन । सरकारी अस्पतालहरूमा भौतिक पूर्वाधारको कमी, जनशक्तिको अभाव, लामो समय पालो पर्खिनुपर्ने बाध्यता र कहिलेकाहीँ स्वास्थ्यकर्मीबाट हुने गैरजिम्मेवार पूर्ण व्यवहारका कारण बिरामीका आफन्तहरूमा निराशा र आक्रोश सञ्चित भइरहेको हुन्छ । बिरामीको अवस्था गम्भीर हुँदा समयमै सही सूचना नदिइनु वा सञ्चारको कमी हुनुले पनि यस्ता अप्रिय घटनालाई बढावा दिने गरेको छ । तसर्थ, चिकित्सकहरूले आफ्ना माग र सुरक्षाका कुरा उठाउँदै गर्दा पेसागत मर्यादा, नैतिक जिम्मेवारी र बिरामीका आफन्तसँग गरिने सञ्चारलाई अझ संवेदनशील र पारदर्शी बनाउनु उत्तिकै आवश्यक छ ।

सहमतिपत्रमा हस्ताक्षर गर्ने कानुन, उद्योग र स्वास्थ्य मन्त्रालयका सचिवज्यूहरू तथा नेपाल चिकित्सक संघका नेतृत्वलाई मेरो विनम्र अनुरोध छ- यसपटकको सहमतिलाई केवल आन्दोलन रोक्ने र तत्कालको संकट टार्ने 'अस्थायी मल्हमपट्टी' मात्र नबनाइयोस् । तोकिएको तीन दिन र सात दिनभित्र कार्यदल गठन गरी उपभोक्ता संरक्षण ऐन र अन्य ऐनहरूमा आवश्यक संशोधन छिटोभन्दा छिटो संसद्बाट पारित गराइयोस् । दोषी जुनसुकै दल वा पहुँचको भए पनि उनीहरूलाई विनासम्झौता कडाभन्दा कडा कानुनी दायरामा ल्याइयोस् ताकि भविष्यमा कसैले पनि स्वास्थ्य संस्थालाई गुण्डागर्दी गर्ने थलो बनाउने दुस्साहस नगरोस् ।

अन्त्यमा, अस्पताल भनेको जीवन बचाउने थलो हो, हिंसाको क्रिडास्थल होइन । चिकित्सक र बिरामी एकापसका विरोधी होइनन्, परिपूरक हुन् । सरकारले स्वास्थ्य संस्थाहरूमा चौबीसै घण्टा भरपर्दो सुरक्षाको प्रत्याभूति दिलाउनुपर्छ भने नागरिक समाज र सर्वसाधारणले पनि कानुनी राज्यको सम्मान गर्दै आफ्ना असन्तुष्टिहरू कानुनी मार्गबाटै समाधान गर्ने संस्कारको विकास गर्नुपर्छ । अब फेरि अर्को डाक्टर कुटिनु नपरोस्, अनि अर्को पटक बिरामीले उपचार नपाएर अकालमा ज्यान गुमाउनु नपरोस् । यो पाँचबुँदे सहमति नै नेपालको स्वास्थ्य क्षेत्र सुधारको निर्णायक मोड बनोस् ।

**- अर्पना मगर**
बसुन्धारा, काठमाडौं



**बीसहजारी तालको सफाइ गरिँदै** | रामसार सूचीमा सूचीकृत चितवनको बीसहजारी तालमा जलकुम्भीलगायतका झारपात सफाइ गर्दै सरसफाइकर्मी । *तस्बिर: रासस*

# बिरामीको चापसँगै नेपालगञ्जमा रगतको माग बढ्दो

**नेपालगञ्ज–** नेपालगञ्ज आसपासका क्षेत्रका बिरामीका लागि चाहिने आवश्यक मात्रमा रगतको अभाव देखिएको छ। त्यस क्षेत्रमा दैनिक ७० देखि १०० पिन्ट रगतको माग भए पनि ६० देखि ७० पिन्टमात्र वितरण भइरहेको लुम्बिनी प्रादेशिक रक्तसञ्चार सेवा केन्द्र नेपालगञ्जका प्रमुख उपेन्द्र रेग्मीले जानकारी दिए ।

उनका अनुसार नेपालगञ्जबाहेक कोहलपुर र खजुरा क्षेत्रमा सञ्चालित ४२ वटा अस्पतालमा चिकित्सकको सिफारिसमा बिरामीलाई सुरक्षित रगत उपलब्ध गराइँदै आएको छ । हाल नेपालगञ्जमा ३१, कोहलपुरमा नौ र खजुरामा दुई अस्पताल छन् ।

बाँकेका विभिन्न अस्पतालमा बिरामीका चाप बढ्दै जाँदा रगतको माग पनि बढिरहेको जानकारी दिँदै प्रमुख रेग्मीले लुम्बिनी, कर्णाली सुदूरपश्चिम प्रदेशका अस्पतालका बिरामीका लागि पनि रगतको माग रहेको बताए ।

उनले भने, 'ब्लड डोनेसन' कम भएको छ यसले हामीलाई थेग्न नसक्ने अवस्था आएको छ।' लुम्बिनी प्रादेशिक रक्तसञ्चार सेवा केन्द्र नेपालगञ्जका अनुसार नेपालगञ्जमा १०१ पिन्ट, कोहलपुरमा ६२ पिन्ट र खजुरामा १७ पिन्ट रगत मौज्दात रहेको छ।

प्रादेशिक रक्तसञ्चार सेवा केन्द्र, नेपालगञ्जबाट आर्थिक वर्ष २०८२८३ मा २४ हजार ५२६ पिन्ट रगत वितरण गरिएको छ । बाँके लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशका बिरामी उपचारका लागि यहाँस्थित विभिन्न अस्पताल आउने भएकाले पनि जिल्लामा सुरक्षित, गुणस्तरीय र पर्याप्त रक्तसञ्चार सेवाको आवश्यकता बर्सेनि बढ्दै गएको रेग्मीले बताए ।

केन्द्रका तर्फबाट विभिन्न संघ, संस्था र व्यक्तिलाई रक्तदान बढाउन आग्रह गर्दै उनले त्यस्ता संस्थाले कार्यतालिका बनाएर रक्तदान कार्यक्रम आयोजना गर्दै आएको जानकारी दिए । हाल नेपाल रेडक्रस सोसाइटी बाँके जिल्ला शाखाले जिल्लाका तीन स्थानबाट रक्तसञ्चार सेवा सञ्चालन गरिरहेको छ । नेपालगञ्जस्थित प्रादेशिक रक्तसञ्चार सेवा केन्द्र, कोहलपुर मेडिकल कलेज शिक्षण अस्पतालस्थित रक्तसञ्चार सेवा एकाइ तथा सुशील कोइराला प्रखर क्यान्सर अस्पताल, खजुरास्थित रक्तसञ्चार सेवा एकाइमार्फत नियमितरूपमा रक्तसञ्चार सेवा प्रदान गर्दै आएको छ ।

स्वास्थ्य सेवा विस्तारसँगै रक्तदानप्रति नागरिकको सहभागिता बढाउन र आवश्यक समयमा पर्याप्त रगतको उपलब्धता सुनिश्चित गर्न नेपाल रेडक्रस सोसाइटी बाँकेले विभिन्न सचेतनामूलक तथा रक्तदान कार्यक्रमलाई निरन्तरता दिँदै आएको जनाएको छ । *रासस*

# शुक्लाफाँटामा बाघको संख्या ५० पुग्यो

**महेन्द्रनगर–** कञ्चनपुरको शुक्लाफाँटा राष्ट्रिय निकुञ्जमा बाघको संख्या ५० पुगेको छ। राष्ट्रिय बाघ सर्वेक्षण २०८२ को नतिजाअनुसार शुक्लाफाँटामा बाघको संख्या ४४ बाट वृद्धि भएर ५० पुगेको हो ।

शुक्लाफाँटा राष्ट्रिय निकुञ्जका संरक्षण अधिकृत विनय झाले आठ वर्षको अवधिमा निकुञ्जमा बाघको संख्यामा उल्लेखनीय वृद्धि भएको बताए । सन् २०१८ मा गणना गर्दा शुक्लाफाँटामा बाघको संख्या १६ रहेको थियो ।

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागले बुधबार बिहान बाघ सर्वेक्षणको नतिजा सार्जवजिक गर्दै बाघ गणना २०८२ पुसदेखि २०८३ वैशाख १० गतेसम्म गरिएको जनाएको छ । शुक्लाफाँटा र आसपासका क्षेत्रमा कम्प्लेक्स विभाजन गरी बाघ गणना गरिएको शुक्लाफाँटा राष्ट्रिय निकुञ्जले जनाएको छ । बर्दियामा बाघका लागि आहारा प्रशस्त भएका कारण पनि बाघको संख्यामा वृद्धि भएको हो ।

मुलुकमै थोरै क्षेत्रफलमा धेरै बाघको बासस्थानका रूपमा पनि शुक्लाफाँटा परिचित छ। कूल ३०५ वर्ग किलोमिटर क्षेत्रफल रहेको शुक्लाफाँटामा बाह्रसिंगा, चित्तल, बँदेललगायत गरेर आहारा प्रजाति प्रति वर्गकिलोमिटरमा १४६.२ जनावर रहेको शुक्लाफाँटा राष्ट्रिय निकुञ्जको भनाइ छ । *रासस*

# दाङमा २२ जनालाई आमाको नामबाट नागरिकता

**दाङ–** जिल्ला प्रशासन कार्यालयले गत आर्थिक वर्ष २०८२/८३ मा १८ हजार ७९ जनालाई नयाँ नागरिकता प्रदान गरेको छ ।

कार्यालयले सार्वजनिक गरेको प्रगति विवरणअनुसार सो अवधिमा १८ हजार नौ जनाले वंशजका आधारमा, २२ जनाले आमाका नामबाट नागरिकता लिएका छन् । यस्तै, १४ जनाले गैरआवासीय नेपाली नागरिकता, ३४ जनाले वैवाहिक अंगीकृत नागरिकता र १० जनाले अंगीकृत नागरिकता प्राप्त गरेका छन् ।

प्रमुख जिल्ला अधिकारी निश्चलराज पाण्डेका अनुसार जिल्ला प्रशासन कार्यालय घोराहीबाट छ हजार ६७०, इलाका प्रशासन कार्यालय तुलसीपुरबाट सात हजार १५५ र इलाका प्रशासन कार्यालय लमहीबाट चार हजार २५४ जनालाई नयाँ नागरिकता प्रदान गरिएको हो ।

कार्यालयले एक वर्षको अवधिमा १४ हजार ७३७ वटा नागरिकताको प्रतिलिपिसमेत जारी गरेको छ । घोराहीबाट पाँच हजार १७९, तुलसीपुरबाट सात हजार २६७ र लमहीबाट दुई हजार ७९१ वटा प्रतिलिपि वितरण गरिएको सहायक प्रमुख जिल्ला अधिकारी सावित्रा पुनले जानकारी दिइन् ।

त्यसैगरी, ४१९ नाबालक परिचयपत्र वितरण गरिएको छ भने १७ हजार २२२ वटा राहदानी जारी गरिएको कार्यालयले जनाएको छ । राहदानीमध्ये जिल्ला प्रशासन कार्यालय घोराहीबाट सात हजार ५७९, इलाका प्रशासन कार्यालय तुलसीपुरबाट पाँच हजार ६२७ र इलाका प्रशासन कार्यालय लमहीबाट चार हजार १६ वटा वितरण गरिएको छ ।

गत आर्थिक वर्षमा ७१ हजार ४७० जनाको राष्ट्रिय परिचयपत्र दर्ता गरिएको छ भने पाँच हजार ८५५ जनालाई राष्ट्रिय परिचयपत्र वितरण गरिएको कार्यालयले जनाएको छ । राष्ट्रिय परिचयपत्र दर्तामध्ये जिल्ला प्रशासन कार्यालयबाट ३३ हजार ५०२, इलाका प्रशासन कार्यालय तुलसीपुरबाट २६ हजार ६० र इलाका प्रशासन कार्यालय लमहीबाट ११ हजार ९०८ जनाको विवरण दर्ता गरिएको छ ।

कार्यालयका अनुसार सेवा प्रवाहलाई प्रभावकारी बनाउँदै नागरिकता, राहदानी तथा राष्ट्रिय परिचयपत्र वितरणलाई निरन्तरता दिएको उल्लेख गरिएको छ । *रासस*

### सप्तरीमा सर्वदलीय बैठक

# सामाजिक सद्भाव कायम राख्न आग्रह

**जनकपुरधाम–** सप्तरीमा बिहीबार बसेको सर्वदलीय तथा सरोकारवालाको बैठकले सामाजिक सद्भाव, शान्ति र सुरक्षा कायम राख्न आह्वान गरेको छ । बैठकले सामाजिक सञ्जालमार्फत अफवाह फैलाउने, धर्मिक आस्था, संस्कृति वा समुदायलाई लक्षित गरी घृणायुक्त अभिव्यक्ति दिने, अमर्यादित टिप्पणी गर्ने तथा सामाजिक सद्भाव बिगार्ने गतिविधि नगर्न सबै पक्षलाई आग्रह गरेको हो ।

राजनीतिक दल, स्थानीय तहका प्रमुख तथा अध्यक्ष, पत्रकार, नागरिक समाज, बुद्धिजीवी र अभिभावकले आ-आफ्नो ठाउँबाट संयमता अपनाउनुपर्नेमा जोड दिँदै बैठकले सुनसरी घटनालाई आधार बनाएर सप्तरीमा हुन सक्ने प्रदर्शन, अराजक गतिविधिबाट थप क्षति र अप्रिय अवस्था सिर्जना हुन नदिन सरोकारवालाले अभिभावकमार्फत आफ्ना सन्तानलाई शान्ति, सुरक्षा, सद्भाव र अनुशासनको सन्देश दिनुपर्ने निर्णय भएको सप्तरीका प्रमुख जिल्ला अधिकारी श्यामकृष्ण श्रेष्ठले जानकारी दिए ।

बहुजातीय, बहुभाषिक र बहुधार्मिक पहिचानलाई कायम राख्दै सामाजिक एकता सुदृढ बनाउन वातावरण निर्माण गरिने पनि निर्णयमा उल्लेख गरिएको छ । त्यसैगरी विद्यालय तथा क्याम्पसमा अध्ययनरत विद्यार्थी कुनै प्रकारका उच्छृंखल गतिविधिमा संलग्न हुन नदिन क्याम्पस प्रमुख, प्रधानाध्यापक तथा शिक्षक-शिक्षिकाले विशेष पहल गर्ने निर्णय गरिएको छ ।

बैठकले प्रदर्शनमा बालबालिकाको प्रयोग पूर्णरूपमा नियन्त्रण गर्नुपर्नेमा पनि सहमति जनाएको छ । जिल्लामा विभिन्न जातजाति, भाषाभाषी, धर्म र समुदायबीच आपसी एकता, सहिष्णुता र भ्रातृत्व कायम राख्न स्थानीय तहसम्म सद्भाव र्‍याली तथा संवाद कार्यक्रम सञ्चालन गरिने निर्णय गरिएको छ ।

साथै, सुनसरी घटनाको पारदर्शी र निष्पक्ष छानबिन गरी दोषीमाथि कानुनी कारबाही गर्न तथा पीडित पक्षलाई क्षतिपूर्ति र घाइतेहरूको उपचारको व्यवस्था गर्न सम्बन्धित निकायसमक्ष अनुरोध गर्ने निर्णय गर्दै बैठकले सामाजिक सद्भावमा आँच पुग्न सक्ने गतिविधिप्रति सजग रहन सबै नागरिकलाई आग्रह गर्ने निर्णय गरेको जनाएको छ । *रासस*

# सामाजिक सद्भाव कायम राख्न मधेस सरकारको अपिल

■ **प्रभाव संवाददाता**

**जनकपुरधाम–** मधेस प्रदेश सरकारले प्रदेशवासीलाई सामाजिक सद्भाव, धार्मिक सहिष्णुता र आपसी विश्वास कायम राख्न आग्रह गरेको छ ।

मधेस प्रदेश सरकारका गृह, सञ्चार तथा कानुनमन्त्री फकिरा महतोले बिहीबार अपिल जारी गरी पछिल्लो समय प्रदेशका केही स्थानमा देखिएको साम्प्रदायिक तनाव, हिंसा तथा उत्तेजनाप्रति गम्भीर ध्यानाकर्षण भएको जनाउँदै प्रदेशवासीलाई सामाजिक सद्भाव, धार्मिक सहिष्णुता र आपसी विश्वास कायम राख्न आग्रह गरेका हुन् ।

मधेस प्रदेश विविध धर्म, संस्कृति, भाषा र समुदायको साझा पहिचान बोकेको भूमि भएकाले सामाजिक एकता र सहअस्तित्व कमजोर पार्ने कुनै पनि गतिविधि स्वीकार्य नहुने उल्लेख गर्दै मन्त्री महतोले कुनै पनि घटना वा विवादलाई धार्मिक वा साम्प्रदायिक रङ दिएर समाजमा विभाजन सिर्जना गर्ने, अफवाह फैलाउने तथा सामाजिक सञ्जालमार्फत भ्रामक सूचना प्रवाह गर्ने कार्यबाट पूर्णरूपमा टाढा रहन सबै नागरिकलाई अनुरोध गरेका छन् ।

प्रदेश सरकारले शान्ति, सुरक्षा र कानुनको शासन कायम राख्न सुरक्षा निकायलाई आवश्यक निर्देशन दिइसकेको अपिलमा उल्लेख छ । कानुनविपरीत हिंसा, तोडफोड, आगजनी, घृणा फैलाउने गतिविधि तथा साम्प्रदायिक द्वेष भड्काउने कार्यमा संलग्न जो-कोहीलाई प्रचलित कानुनबमोजिम कारबाही गरिने चेतावनी पनि अपिलमा दिइएको छ ।

यस संवेदनशील परिस्थितिमा धार्मिक अगुवा, बुद्धिजीवी, जनप्रतिनिधि, नागरिक समाज, शिक्षक, विद्यार्थी, सञ्चारमाध्यम तथा राजनीतिक दलहरूलाई संयमित र जिम्मेवार भूमिका निर्वाह गर्न आग्रह गरिएको छ । सामाजिक सद्भाव कायम राख्न सबै क्षेत्रको सक्रिय सहभागिता आवश्यक रहेको अपिलमा उल्लेख छ ।

मन्त्री महतोले शान्ति, सद्भाव, आपसी सम्मान र सहअस्तित्व नै मधेस प्रदेशको सभ्यता र समृद्धिको आधार भएको उल्लेख गर्दै कुनै पनि उक्साहट वा भड्काउ गतिविधिमा नलागी सम्बन्धित प्रशासन तथा सुरक्षा निकायसँग समन्वय गर्न प्रदेशवासीलाई अनुरोध गरेका छन् ।


## चम्पाकेश्वर कृषि एण्ड सप्लायर्स प्रा. लि. (लिक्वीडेशन) सम्बन्धमा हकदावी गर्न आउने बारेमा सूचना

कम्पनी ऐन, २०६३ को दफा ५ बमोजिम मिति २०७५।०६।२३ मा दर्ता भएको प्रा.लि.नं. २००७१४/०७५/०७६ को चम्पाकेश्वर कृषि एण्ड सप्लायर्स प्रा.लि.लाई खारेजी (लिक्वीडेशन)मा लैजाने कम्पनी ऐन, २०६३ को दफा १२६ बमोजिम मिति २०८३।०४।०५ गते बसेको विशेष वैठकले निर्णय गरेकोले यस कम्पनीले तिर्नु व्यहोर्नु पर्ने ऋण, धन एवं कोही कसैको बाँकी वक्यौता लेनदेन आदि भएमा स-प्रमाण सहित हकदावी गर्न यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र लिक्वीडेटरको कार्यालय अनामनगरमा सम्पर्क राख्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**पुर्णप्रसाद पराजुली लिक्वीडेटर (इजाजत पत्र नं. ३८३)**
**मो.नं. ९८५१०२६३३२**



## शिलबन्दी दरभाउ पत्रको प्रक्रियाबाट वन पैदावर लिलाम बिक्रीको सुचना

**प्रथम पटक प्रकाशित मिति : २०८३/04/१५**

यस सिकारीडाँडा सा.व.उ.स. हरिहरपुर गढी गा.पा. ०१,सिन्धुलीको आर्थिक वर्ष २०८२/०८३को नियमानुसार कटान मुछान भइ उत्पादित खयर काठ समुहको गुजी तथा मैनी बजारमा घाटगद्घीमा रहेको साल ग्यात्को A, B, C ग्रेड गरी जम्मा थान ६७ को ७१७.३६ क्युफिट गोलिया तथा १चट्टा दाउरा र खयर जातको ७६० गोलिया थानको ११९०.९३क्युफिट काठ जे जस्तो अबस्थामा छ । सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरि लिलाम बिक्री गर्नुपर्ने भएको ले यो २१ दिने सुचना प्रकाशित गरिएको छ । विस्तृत पुर्ण व्यहोराको सुचना तथा जानकारीको लागि समुदायको कार्यालयमा सुचना टाँस गरिएको छ ।

**अध्यक्ष**
**शिकारीडाडा सा.व.उ.स.**
**हरिहरपुरगढी गा.पा -०१, सिन्धुली**



## ३५ (पैतिस) दिने सार्वजनिक सूचना

*प्रकाशित मिति २०८३/०४/१५ गते*

यस पिपलबोट नेपाल त्रैमासिक पत्रिकाका सम्पूर्ण पाठक, लेखक, विज्ञापनदाता, ग्राहक, सरोकारवाला तथा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । विविध प्रशासनिक, आर्थिक तथा व्यवस्थापकीय कारणवश पिपलबोट त्रैमासिक पत्रिकाको प्रकाशन स्थायी रूपमा बन्द गर्ने निर्णय गरिएको व्यहोरा जानकारी गराइन्छ ।

यस सम्बन्धमा कुनै व्यक्ति, संस्था वा निकायको कुनै प्रकारको दाबी, आपत्ति, सुझाव वा कानुनी हकदाबी भए, यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतीस) दिन भित्र आवश्यक प्रमाणसहित लिखित रूपमा कार्यालयमा पेश गर्नुहुन अनुरोध गरिन्छ । तोकिएको अवधिभित्र कुनै दाबी वा आपत्ति प्राप्त नभएमा प्रचलित कानुनबमोजिम पत्रिकाको प्रकाशन बन्द गर्ने तथा सम्बन्धित निकायमा आवश्यक प्रक्रिया अगाडि बढाइनेछ ।

**प्रकाशक तथा सम्पादक**
**पिपलबोट नेपाल त्रैमासिक पत्रिका**
ठेगाना : पिङलास्थान-९, काठमाडौं, नेपाल
सम्पर्क नं.९८४३७०५५२६



## कर्मचारी हटाईएको सूचना

नेपाल सरकारबाट बैदेशिक रोजगार व्यवसाय संचालन गर्न इजाजत प्राप्त यस **Universal HR Solution Pvt. Ltd** इजाजत नम्बर: १२०९/०७३/०७४ मा कार्यरत निम्न कर्मचारी हाल यस कार्यालयबाट राजीनामा दिई कार्यरत नरहेको सम्बन्धित सबैमा जानकारी गराइन्छ । निजसँग यस प्रा.लि.को नाममा बैदेशिक रोजगार सम्बन्धी कुनै पनि काम नगर्न/नगराउनु हुन यसै सार्वजनिक सूचनाद्धारा सम्बन्धित सबैमा जानकारी गराइन्छ र यदि यसो गरे गराएमा यस प्रा.लि. जिम्मेवार हुने छैन ।

**तपसिल**

| क्र.स | नाम थर | नागरिकता नं |
|---|---|---|
| १ | Sashi Mainali | 1060/104811 |
| २ | Ashrita Gurung | 20-01-75-02039 |
| ३ | Ngem Tarbu Sherpa | 08858539(Passport No.) |

**Universal H.R Soltution Pvt.Ltd.**
Baneshwor, Milan chowk-31, Kathmandu, Tel: 014593365, 4593465,
Mobile No. 9802829481 Swotantra Tamot, E-Mail : uhrsolution1209@gmail.com
श्रम ईजाजत नं. १२०९/०७३/०७४



## मलेसियामा रोजगार

कम्पनी : BCM ELECTRONICS CORPORATION SDN. BHD. Address: Kulim Hi-Tech Park, Phas

पूर्व स्वीकृति मिति : २०८३/०३/२८ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०४/१४ | LT. No. 344778 | चलानी नं. ६०२५८१०५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker/Factory Worker | 50 | 50 | 1700 | ६३,६०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौमा मिति: २०८३ साउन २२, २३ गते (7 & 8th Aug. 2026) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

SKYPOWER FORCE (P.) LTD. श्रम ईजाजत नं. १२७५/०७४/७५
**SKYPOWER FORCE PVT.LTD. (SKY POWER INTERNATIONAL SERVICE PVT. LTD.)**
Jana Marga Chappal Karkhana, Kathmandu, Tel:-+977 01-5928974, 01-5928975
Mobile: 9707074612, 9707074613 Bijay Kc, Email:- bijay.skypowernepal@gmail.com



## युएइमा रोजगार

कम्पनी : MAZAYA RECRUITMENT - SOLE PROPRIETORSHIP L.L.C

पूर्व स्वीकृति मिति : २०८२/०९/१६ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०४/१४ | LT. No. 336503 | चलानी नं. ६०२४९९३८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 185 | 0 | 1000 | ४१,३८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौमा मिति: २०८३ साउन २२ गते (7th Aug. 2026) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**FRONTLINE RECRUITMENT PVT.LTD.**
Sinamangal-9, Kathmandu, Nepal, Telephone: 01-4593645, 4593646, 4593647
SANJIV SAH 9801067993, Email: info@manpoweragencynepal.com
Govt. License 886/067/068



## युएइमा रोजगार

कम्पनी : RAMLAT AL BATIN GENERAL CLEANING & MAINTENANCE - DUBAI BRANCH

पूर्व स्वीकृति मिति : २०८२/०२/२२ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०४/१४ | LT. No. 325296 | चलानी नं. ६०२३९२३८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner General | 4 | 0 | 1000 | ४१,३८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौमा मिति: २०८३ साउन २२ गते (7th Aug. 2026) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १०५०/०७३/०७४
**EARTH SMART HUMAN RESOURCES NEPAL PVT.LTD.**
Sinamangal, Kathmandu-9, Phone No. +977-01-4574652, 4574653
Website: www.earthsmart-nepal.com Email : earthsmarthrn@gmail.com



## मलेसियामा रोजगार

कम्पनी : FOOD VALLEY SDN BHD

पूर्व स्वीकृति मिति : २०८३/०४/१४ | LT. No. 345609 | चलानी नं. ६०२५९००३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker/Factory Worker | 5 | 0 | 1700 | ६३,१८९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौमा मिति : २०८३ साउन २२ गते (7th Aug. 2026) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. १४६५/०७४/०७५
**Ever Bright Overseas Pvt.Ltd.**
Sambhu Margal–09 Kathmandu, Nepal, Tel: +977-01-5911758, 5911759, Mob No: ±9779802326432
Email: everbrightoverseas123@gmail.com, Web: www.everbrightoverseas.com



## युएइमा रोजगार

कम्पनी : MIRA BEAUTY CENTER

पूर्व स्वीकृति मिति : २०८२/१०/२२ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०४/१४ | LT. No. 338185 | चलानी नं. ६०२५१८७०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | HAIRDRESSER | 0 | 1 | 1500 | ६२,०८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौमा मिति: २०८३ साउन २२ गते (7th Aug. 2026) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt.Lic. No 1726/081/082
**S.N.K. FACILITIES MANAGEMENT PVT. LTD.**
Bafal-13, Kathmandu, Nepal, T: 01-5922923
Mob: 9860603888, 9851049837, Email:- snkhrc@gmail.com, Web: www.snkmanpower.com



## युएइमा रोजगार

कम्पनी : ORIENT IRRIGATION SERVICES L.L.C

पूर्व स्वीकृति मिति : २०८२/०३/२२ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०४/१४ | LT. No. 326849 | चलानी नं. ६०२४०७६१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Agriculture Labour | 47 | 0 | 1000 | ४१,३८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Gardener | 25 | 0 | 1000 | ४१,३८५ | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौमा मिति: २०८३ साउन २२ गते (7th Aug. 2026) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**SHAN A.B. INTERNATIONAL PVT. LTD.**
Maharajgunj (Near Bhatbhateni), Kathmandu, Nepal
Tel- +977 1 4378054/ +977 1 4378890, Contact Person : 9706659209 (Narayan Bhattarai)
श्रम ईजाजत नं. ९१५/०६७/६८

# प्रभाव दैनिक





## 'ककाकिकी'को लिरिकल थेम गीत सार्वजनिक

आगामी भदौ १९ गते (४ सेप्टेम्बर)बाट प्रदर्शनमा आउन लागेको नेपाली चलचित्र 'ककाकिकी' को लिरिकल थेम गीत सार्वजनिक गरिएको छ । ओएसआर डिजिटल युट्युब च्यानलमार्फत सार्वजनिक गरिएको गीतसँगै फिल्मप्रतिको दर्शकको उत्सुकता थप बढेको छ । सार्वजनिक गीतमा आदित्य प्रधानको स्वर रहेको छ भने शिशिर थतालको शब्द र संगीत रहेको छ । बिक्की अगरवाल र श्रद्धा प्रसाईंको संयुक्त निर्देशन रहेको फिल्ममा अनीश बुढाथोकी सहायक निर्देशकका रूपमा रहेका छन् । चलचित्रमा दिया मास्के, शिशिर वाङ्देल, प्रकाश घिमिरे, माओत्से गुरुङ, रेअर राई, खड्गबहादुर पुन मगर (खबपु), सुवर्ण थापा, सुभाष गजुरेल, मनोज गजुरेल, एलिसा भोगलगायत कलाकारहरूको अभिनय रहेको छ ।





शुक्रबार, १५ साउन २०८३ (Friday, 31 July 2026)


# कलाकार सन्तोष पन्तसहित विभिन्न कलाकर्मी सम्मानित




■ प्रभाव संवाददाता

**काठमाडौं–** हास्य कलाकार एवं निर्देशक सन्तोष पन्तलाई 'हाडा एन्ड पाल हास्य वाङ्मय साधना सम्मान २०८३' प्रदान गरिएको छ । नेपाल पुलिस क्लबमा आयोजित नेपाल पूर्व प्रहरी कलाकार संघको दोस्रो वार्षिकोत्सव तथा तेस्रो स्रष्टा सम्मान कार्यक्रममा उनलाई सो सम्मान प्रदान गरिएको हो ।

अभिनेत्री तथा नृत्य कलाकार मिथिला शर्माले आफ्नो नृत्य र अभिनय यात्राका गुरुहरूलाई गुरु दक्षिणास्वरूप उनीहरूको नाममा स्थापना गरेको सम्मान हो । प्रहरी महानिरीक्षक दानबहादुर कार्की, पूर्व प्रहरी महानिरीक्षक मोतिलाल बोहरा, अन्य पूर्व प्रहरी महानिरीक्षकहरू लगायतले उक्त सम्मान प्रदान गरे ।

कार्यक्रममा गायक तथा संगीतकार डा. किरण प्रधानलाई 'गोपाल योञ्जन संगीत साधना सम्मान २०८३', नृत्यांगना विमल श्रेष्ठ क्षेत्रीलाई 'राजपाल थापा नृत्य साधना सम्मान २०८३', साहित्यकार तथा गीतकार उपरथी राजेन्द्र थापालाई 'चेतन कार्की गीति वाङ्मय साधना सम्मान २०८३' र अभिनेता तथा नेपाल प्रहरीका पूर्व अतिरिक्त प्रहरी महानिरीक्षक अर्जुनजंग शाहीलाई 'नेपाल पूर्व प्रहरी कला साधना सम्मान २०८३' प्रदान गरियो ।

सम्मानित व्यक्तित्वहरूको संक्षिप्त जीवनयात्रा र कलात्मक योगदान समेटेर तयार गरिएको भिडियो प्रस्तुति समेत गरिएको कार्यक्रममा कला, संस्कृति तथा संघको गतिविधिमा योगदान पुऱ्याउने विभिन्न व्यक्तित्वलाई मायाको चिनोसमेत प्रदान गरिएको थियो।

नेपाल पूर्व प्रहरी कलाकार संघकी वरिष्ठ सल्लाहकारसमेत रहेकी मिथिला शर्माले आफ्ना गुरुहरूको स्मृति र योगदानलाई सधैं जीवित राख्ने उद्देश्यले उनीहरूको नाममा सम्मान स्थापना गरेको बताइन् । उनले भनिन्, 'गुरुहरू चेतन कार्की, गोपाल योञ्जन, राजपाल थापा र ध्रुवरत्न हाडाको गर्विलो इतिहास जीवित राख्ने उद्देश्यले गुरुदक्षिणास्वरूप यो सम्मानको सुरुआत गरेकी हुँ विगतले अंश माग्दैन ।' उनले आमा, बुवा र गुरुको ऋण कहिल्यै तिर्न नसकिने धारणा राखिन् ।

कार्यक्रममा संघका संस्थापक छत्रबहादुर गुरुङले नाचगानमा मात्र सीमित नभई नेपालको कला र संस्कृतिको संरक्षण तथा प्रवर्द्धनका लागि पनि यस्ता कार्यक्रम आयोजना गरिँदै आएको बताए । त्यसैगरी प्रहरी महानिरीक्षक दानबहादुर कार्कीले यस्ता कार्यक्रमले सेवाबाट अवकाश प्राप्त प्रहरी कर्मचारीलाई समेत प्रहरी परिवारसँग जोडिराख्न महत्वपूर्ण भूमिका खेलेको बताए । कार्यक्रममा अभिनेत्री मिथिला शर्माले पनि सरप्राइज प्रस्तुतीका रूपमा आकर्षक नृत्य प्रस्तुत गरेकी थिइन् ।

# अक्षराको 'नाचौन बरिलै' रिलिज



■ प्रभाव संवाददाता

**काठमाडौं–** आगामी भदौ २६ गतेबाट प्रदर्शनमा आउने फिल्म 'अक्षरा'को तीज गीत 'नाचौन बरिलै' रिलिज भएको छ । निर्माण पक्षले काठमाडौंमा पत्रकार तथा फिल्मकर्मीको उपस्थितिमा फिल्ममा समावेश गीत 'नाचौन बरिलै' गीतको भिडियो रिलिज भएको हो । गीतको भिडियोलाई मुभिज डिजिटेनमेन्ट युट्युब च्यानलमार्फत हेर्न सकिनेछ ।

समिक्षा अधिकारीले गाएको यो गीतलाई सुरेन्द्र रानाले लेखेका हुन् । साथै यस गीतको संगीत कर्णराज गिरीले भरेका छन् ।

लोकलयमा आधारित यो गीतको गीतमा फिल्मका मुख्य अभिनेत्रीद्वय न्यान्सी खड्का र रिस्ता अधिकारीले नाचेका छन् । उनीहरूको नृत्यलाई उपस्थित पत्रकार तथा फिल्मकर्मीहरूले मन पराए । रामजी लामिछानेको कोरियोग्राफी रहेको यस फिल्मलाई विनयराज पौडेलले निर्देशन गरेका हुन् । यस फिल्ममा न्यान्सी खड्का, सुशील सिटौला, सुशील पोखरेल, पुष्कर राउत, रिस्ता अधिकारी, उत्तम केसी, अंशु महर्जन, गीता अधिकारी, वीरेन्द्र कुशवाह, सृजना अधिकारी, मोहन अधिकारी, सुमन ज्योति न्यौपाने (ल्याग्री दादा) र सृष्टि खड्काको अभिनय रहेको छ । यस फिल्मको बालकलाकारमा रोनक खड्का र प्रीसा ढुंगाना रहेका छन् ।

क्षित बाबु प्रोडक्सन हाउसको ब्यानरमा निर्माण भएको यस फिल्मको प्रस्तुतकर्ता सोनी थापा (ढुंगाना) हुन् । उग्रसेन ढुंगाना र सुग्रसेन ढुंगानाले लगानी गरेको यस फिल्मका कार्यकारी निर्माता सुरज थापाकाजी र सुमन ज्योति न्यौपाने रहेका छन् । यस फिल्मको मूल कथा निर्माता उग्रसेन आफैंले लेखेका हुन् भने पटकथा तथा संवाद अभिमन्यु निरवी र निर्देशक पौडेलले तयार पारेका हुन् ।

यस फिल्मका गीतमा सुरेन्द्र रानाको शब्द र कर्णराज गिरीको संगीत रहेको छ भने गायनमा गायन अन्जु पन्त, समिक्षा अधिकारी, रचना रिमाल, एसडी योगी छन् । दिपेन बस्न्यातको छायांकन, रामजी लामिछानेको नृत्य निर्देशन र शंकर महर्जनको द्वन्द्व निर्देशन रहेको 'अक्षरा'लाई नेसनल सिने ग्रुप नेपालका तर्फबाट दीपक दंगालले वितरण गर्दैछन् ।

यस फिल्मको गीत तथा प्रचारप्रसार सामाग्री मुभिज डिजिटेनमेन्टमार्फत हेर्न सकिने छ । फिल्मका सम्पूर्ण डिजिटल सामग्रीहरू मुभिज डिजिटेनमेन्टमार्फत सार्वजनिक हुने निर्माण पक्षले जनाएका छन् ।

केही दिनअघि फिल्मको निर्माण पक्ष र डिजिटल कम्पनीका प्रतिनिधिहरू प्रदीप धामी, पुष्कर शर्मा घिमिरे तथा आशिष तामाङबीच औपचारिक कागजी सम्झौता गरेका थिए । आगामी भदौ २६ गतेदेखि देशभरका फिल्म हलमा प्रदर्शन हुने यस फिल्मको चर्चाले निर्माण पक्ष उत्साहित रहेका छन् ।



आईसिसी विश्वकप लिग टु

# नेपालको नेदरल्यान्ड्स टूर निराशजनक

## खेलेका चारवटै खेलमा पराजित



■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपालले आइसिसी विश्वकप लिग २ अन्तर्गत आठौं त्रिकोणात्मक श्रृंखलामा कुनै पनि जित हात पार्न सकेन । बुधबार आफ्नो चौथो खेलमा नेपाल नेदरल्यान्ड्ससँग ५८ रनले पराजित भयो । नेदरल्यान्ड्सले दिएको २२६ रनको प्रतिस्पर्धात्मक लक्ष्य नेपालले पछ्याउन सकेन । ४८ ओभरमा सबै विकेट गुमाउँदै नेपालले मात्र १६८ रन बनाउन सक्यो । श्रृंखलामा नेपालको यो लगातार चौथो हार हो ।

निराशजनक ब्याटिङ प्रदर्शनले लगातार चौथो खेलमा निरन्तरता पाउँदा नेपालले फेरि पनि विपक्षीलाई नतिजा सुम्पिएको हो । नामिबियाविरुद्धको अघिल्लो खेलमा नेपालका ओपनिङ जोडी कुशल भुर्तेल र आसिफ शेखले आफ्नो प्रदर्शनमार्फत पुनरागमनको संकेत गरेको थियो । तर, अन्तिम खेलमा भुर्तेल फेरि फ्लप बने ।

भुर्तेल खाता नै खोल्न नपाइ तेस्रो बलमा डकआउट भए । अन्य तीन ब्याटरले दोहोरो अंकमा रन जोड्न सकेनन् । आसिफले ७८ बलमा सर्वाधिक ३८ रनको योगदान गरे । त्यस्तै कप्तान रोहित पौडेलले २६ र करण केसीले २३ रन जोडे । इशान पाण्डे १६, हेमन्त धामी १५, गुल्सन झा ११ र भिम शार्की १० रन बनाउँदै पवेलियन फर्किए ।

डच टोलीका लागि काइल क्लेइनले सर्वाधिक तीन विकेट लिए । त्यस्तै लोगन भान बीक, रोयलफ भान डीर मेर्वे र जाच लायन क्याचेटले समान दुई खेलाडीलाई पवेलियनको बाटो देखाए । यसैगरी आर्यन दत्तको नाममा एक विकेट रह्यो ।

त्यसअघि खराब सुरुआतका बावजुद नेदरल्यान्ड्सले नेपाललाई २२६ रनको प्रतिस्पर्धात्मक लक्ष्य प्रस्तुत गरेको थियो ।

युट्रेच्ट शहरस्थित स्पोर्टपार्क मार्सचालकरविर्ड मैदानमा टस हारेर ब्याटिङको निम्तो पाएको नेदरल्यान्ड्सले ५० ओभरको समाप्तिमा ८ विकेट गुमाउँदै २२५ रनको योगफल खडा गर्यो ।

करण केसीको सानदार लयले लगातार दोस्रो खेलमा निरन्तरता पाउँदा नेदरल्यान्ड्सका ओपनर सेड्रिक डी लेन्ज गोल्डेन डकका शिकार बनेका थिए । स्कोरबोर्डमा ५६ रन हुँदा चार विकेट गुमाएको नेदरल्यान्ड्सले त्यसपछि उत्कृष्ट पुनरागमन गऱ्यो ।

घरेलु टोलीका लागि चौथो नम्बरका नोवा क्रोइसले ९३ बलमा तीन चौकासहित सर्वाधिक ७० रनको पारी खेले । त्यस्तै कप्तान स्कट एड्वाड्र्सले ५७ रनको योगदान गरे । यसबाहेक लोगान भान बीकले २७, जाच लायन क्याचेटले १६, बास डी लीडले १३ र ओपनर म्याक्स ओ'डाउडले १२ रन जोडे । अन्य खेलाडीले दोहोरो अंकमा रन बनाउन सकेनन् ।

एड्वाड्र्स र क्रोइसले पाँचौं विकेटका लागि ११५ रनको शतकीय साझेदारी गर्दा नेदरल्यान्ड्स प्रतिस्पर्धात्मक लक्ष्यतर्फ अग्रसर देखिएको थियो । पछि भान बीकको ब्याटबाट रन निस्कँदा नेदरल्यान्ड्सले चौथो विकेट गुमाउँदा सोचेको लक्ष्य पूरा गर्यो ।

नामिबियाविरुद्धको पछिल्लो खेलमा पाँच विकेट लिएका करणले आज चार खेलाडीलाई पवेलियनको बाटो देखाए । त्यस्तै दीपेन्द्रसिंह ऐरिले दुई तथा हेमन्त धामी र ललित राजवंशीले समान एक विकेट लिए ।

मुख्य प्रशिक्षक स्टुअर्ट लले अनुभवी बलरद्वय सन्दीप लामिछाने र सोमपाल कामीलाई आराम दिएका थिए । यी दुईको स्थानमा ललित (राजवंशी) र हेमन्त (धामी)ले मौका पाएका हुन् ।

नेपालले श्रृंखलाको दोस्रो खेलमा नेदरल्यान्ड्सविरुद्ध ६ विकेटको पराजय बेहोरेको थियो । उक्त खेलमा पनि ललितले प्लेइङ ११ मा स्थान बनाएका थिए । नामिबियाविरुद्धको दुबै खेलमा भने ललित बेन्चमै थिए ।

त्यस्तै तीव्र गतिका बलर हेमन्त धामी करिब साढे दुइ वर्षपछि एकदिवसीय अन्र्ताष्ट्रिय खेल खेले । यो उनका लागि करिअरकै दोस्रो एकदिवसीय खेल थियो । हेमन्तले फेब्रुअरी २०२४ मा त्रिवि क्रिकेट मैदानमा क्यानडाविरुद्ध अन्तर्राष्ट्रिय डेब्यू गरेका थिए ।

नेदरल्यान्ड्स टूरमा लगातार चौथो हारसँगै अंकतालिकाको शीर्ष चारमा पर्ने नेपालको झिनो सम्भावना लगभग समाप्त भएको छ । चार खेल बाँकी रहेको अवस्थामा नेपाल अहिले २४ अंकसहित छैटौं स्थानमा छ । तीन खेल कम खेलेको ओमान ३१ अंकसहित चौथो स्थानमा छ । यसको मतलब नेपालको गणीतिय सम्भावनामा केवल एक अंकको फरक छ ।

श्रृंखलामा नेदरल्यान्ड्सको यो लगातार तेस्रो जित हो । जितसँगै नेदरल्यान्ड्स अंकतालिकाको दोस्रो स्थानमा उक्लियो । टोलीले ३१ खेलमा ३८ अंक जोडेको छ ।

# रचनालाई गामा एसियन च्याम्पियनसिपमा रजत




■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाली खेलाडी रचना सिलवालले गामा एसियन च्याम्पियनसिपमा रजत पदक जितेकी छन् । मलेसिया मिक्स मार्सल आट्र्स संघको आयोजनामा भएको प्रतियोगिताको यु-१६ महिला ४६ केजीमुनि रचनाले रजत जितेकी हुन् ।

मलेसियाको पुत्रजयामा भएको प्रतियोगितामा नेपाली खेलाडीले थप २ कांस्य पनि जिते। यु-१६ महिला ४२ केजीमुनि प्रकृति राई तथा यु-१८ पुरुष ६० केजीमुनि एलिस बोम्जनले कांस्य हात पारे ।

प्रतियोगितामा मार्सल आट्र्स अर्गनाइजेसन नेपालका अध्यक्ष एवं गामा नेपाल रेफ्री राजीव महर्जनले निर्णायकको भूमिका निर्वाह गरेका थिए । प्रतियोगितामा गामा नेपालका अध्यक्ष विनोद महर्जन, प्रशिक्षकद्वय उमेश महर्जन र राज महर्जन तथा टिक व्यवस्थापकमा सागर चित्रकार सहभागी भएका थिए ।

# स्केटिङको एसियाड तयारी थाइल्यान्डमा

**काठमाडौं (प्रस)–** जापानमा हुने २०औं एसियाली खेलकुदमा सहभागी हुने स्केटिङ खेलाडीले थाइल्यान्डको बैंककमा तयारी प्रशिक्षण गर्ने भएका छन् । एसियाडमा भाग लिने दुई पुरुष खेलाडी गजेन्द्र बर्देवा र शरदकुमार राई आज (शुक्रबार) बैंकक प्रस्थान गर्नेछन् । आगामी असोज ३ गतेदेखि सुरु हुने एसियाडमा दुवैले स्ट्रिट विधामा नेपालको चुनौती प्रस्तुत गर्नेछन् ।

उनीहरूले करिब एक महिना बैंककस्थित हुआ मक स्केट पार्कमा प्रशिक्षण गर्ने नेपाल स्केटिङ तथा स्केट बोर्डिङ संघका महासचिव सत्य थापाले जानकारी दिए । उनले एकमहिने प्रशिक्षणपछि खेलाडीले त्यही प्रशिक्षणलाई निरन्तरता दिने वा नेपाल फर्कने अहिले टुंगो नलागेको बताए । बैंककमा प्रशिक्षणलाई निरन्तरता दिने विषयमा पनि छलफल भइरहेको महासचिव थापाले बताए ।

टोलीलाई राष्ट्रिय खेलकुद परिषद्का सदस्य-सचिव रामचरित्र मेहताले बिदाइ गर्दै खेलाडीलाई उच्च मनोबलका साथ एसियाडमा प्रतिस्पर्धा गर्ने आग्रह गरे । उनले एसियाडमा सहभागी हुने खेलाडीको एक वर्षको बिमा गरिने बताउँदै खेलाडीलाई अधिकतम सुविधा दिने विषयमा पनि प्रयासरत रहेको उल्लेख गरे ।



भारतको पञ्जाबस्थित बर्नालामा सरसफाइ कर्मचारीहरूमाथि गरिएको कथित लाठीचार्जको विरोधमा राज्यव्यापी हडतालको क्रममा अमृतसरमा सडक अवरुद्ध गरेर नाराबाजी गर्दै प्रदर्शनकारी । *तस्बिरः एएफपी*

# डढेलोले बोर्डोको वाइन उद्योग संकटमा



**एसाडिराक (फ्रान्स)**– दक्षिणपश्चिम फ्रान्सको बोर्डो क्षेत्र आसपास फैलिएको भीषण डढेलोले जनजीवनमात्र नभई, विश्वप्रसिद्ध वाइन उद्योग, पर्यटन र स्थानीय व्यवसायमा समेत गम्भीर आर्थिक असर पार्न थालेको छ। यसअघि नै घट्दो वाइन खपत, बढ्दो लागत र अन्तर्राष्ट्रिय व्यापारिक दबाबसँग संघर्ष गरिरहेको बोर्डोको अर्थतन्त्रमा डढेलोले थप संकट थपेको व्यवसायीहरूले बताएका छन् ।

डढेलोले पेरिसको क्षेत्रफलभन्दा करिब चार गुणा ठूलो भूभाग जलाइसकेको छ भने करिब दुई लाख २० हजार मानिसलाई सुरक्षित स्थानमा सारिएको छ । प्रमुख पर्यटकीय गन्तव्यहरू प्रभावित भएपछि क्षेत्रको पर्यटन गतिविधिमा उल्लेखनीय गिरावट आउने चिन्ता बढेको छ ।

बोर्डो नजिकै ग्राण्ड भेर्दुस वाइन एस्टेट सञ्चालन गर्दै आएका एडुआर्ड ले ग्रिक्स डे ला सालेले आफ्नो अंगुरबारीबाट टाढा जलिरहेको जंगलको धुवाँ देख्न र गन्ध महसुस गर्न सकिने बताए । उनका अनुसार सरकारद्वारा मानिसहरूलाई प्रभावित क्षेत्रबाट टाढा रहन गरिएको आग्रहले वाइन पर्यटनमा ठूलो धक्का पुगेको छ ।

'वाइन उद्योग धेरै वर्षदेखि कठिन अवस्थामा छ । अन्तर्राष्ट्रिय भूराजनीतिक तनाव, मुद्रास्फीति, युवा पुस्तामा वाइनको घट्दो लोकप्रियता र विदेशी उत्पादकसँगको प्रतिस्पर्धाले समस्या बढाएको छ,' उनले भने, 'पर्यटनमात्रै बढिरहेको क्षेत्र थियो, तर अहिले त्यसमा पनि ब्रेक लागेको छ ।'

बोर्डो क्षेत्रको प्रसिद्ध वाइन उद्योग पछिल्ला वर्षहरूमा खपत घट्दै जानुका साथै अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले लगाएको भन्सार शुल्कको असरसमेत खेपिरहेको छ । क्षेत्रीय उद्योग तथा वाणिज्य मण्डलका अध्यक्ष प्याट्रिक सेगुइनले डढेलोलाई भौतिकमात्र नभई, आर्थिक विपत्तिसमेत भएको बताए । उनका अनुसार जलेका घर र जंगलले क्षेत्रको भविष्यप्रतिको विश्वास कमजोर बनाएको छ ।

'हामीले केवल भौतिक विनाश नभई, सम्पूर्ण क्षेत्रीय अर्थतन्त्रमा गहिरो चोट परेको अवस्था देखिरहेका छौं,' उनले भने । उनका अनुसार प्रभावित क्षेत्रमा करिब ३९ हजार व्यवसाय सञ्चालनमा छन् । तिनमा रक्षा तथा एयरोस्पेस क्षेत्रका एयरबस, डसोल्ट र थालेसजस्ता प्रमुख उद्योगसमेत पर्छन् ।

डढेलो सुरु हुनुअघि नै ऊर्जा लागत बढेका कारण व्यवसायको नाफा घटिरहेको थियो । जुलाई महिनाको मध्यतिर गरिएको सर्वेक्षणमा सहभागी ९४ प्रतिशत व्यवसायले आफूहरू आर्थिक कठिनाइमा रहेको बताएका थिए । साना तथा मझौला उद्यमीबाट दैनिकरूपमा सहयोगको माग आउने गरेको सेगुइनले जानकारी दिए ।

उनका अनुसार बोर्डो र लिबोर्नका वाणिज्य अदालतमा सन् २०२५ को जुनको तुलनामा यस वर्षको सोही अवधिमा व्यवसाय बन्द हुने घटनामा ३७ प्रतिशत वृद्धि भएको छ । बोर्डो क्षेत्र नरम समुद्री तट, ऐतिहासिक महल, विशाल पाइन जंगल, युनेस्को विश्वसम्पदा सूचीमा रहेको बोर्डो सहर तथा आर्काशोन खाडीजस्ता पर्यटकीय आकर्षणका कारण विश्वभर प्रसिद्ध मानिन्छ । तर डढेलो र त्यसपछिको निकासी अभियानले धेरै पर्यटकीय क्षेत्र सुनसान बनेका छन् ।

यद्यपि, बोर्डोका मेयर थोमस काजेनाभले सम्पूर्ण क्षेत्र बन्द नभएको स्पष्ट पार्दै पर्यटकलाई भ्रममा नपर्न आग्रह गरेका छन् । उनका अनुसार बोर्डो सहर सुरक्षित छ र यहाँका संग्रहालय, क्याफे, रेस्टुरेन्ट तथा अन्य पर्यटन पूर्वाधार नियमितरूपमा सञ्चालनमा रहेका छन् । 'बोर्डो अझै पनि पर्यटकका लागि खुला छ । हाम्रो सहरमा जनजीवन सामान्यरूपमा चलिरहेको छ,' उनले भने । *रासस/एपी*

# जापान भूकम्प अपडेटः २८ जनाको मृत्यु, उद्धार प्रयास जारी



**कुमामोटो (जापान)**– जापानका आपत्कालीन उद्धारकर्मीहरूले भूकम्पले भत्किएको सपिङ मलबाट जीवित मानिसहरूलाई बचाउने प्रयास गरिरहेको जनाइएको छ । भूकम्पबाट मृत्यु हुनेहरूको संख्या बिहीबारसम्म २८ जना पुगेको पुष्टि भएको छ ।

गत मंगलबार गएको भूकम्पपछि ग्यास विष्फोट भएको एओन सपिङ मलको भग्नावशेषबाट चार जनाको शव निकालिएको कुमामोटो अधिकारीहरूले बताएपछि सरकारले नयाँ तथ्यांक जारी गरेको हो । मलबाट १० जनालाई बाहिर निकाल्न सफल भएको र तिनीहरूमध्ये चार जनाको मृत्यु भएको उनीहरूले पुष्टि गरेका छन् । उद्धार गरिएका पाँच जनालाई चोट लागेको दक्षिणपश्चिमी क्षेत्रका विपद् व्यवस्थापन विभागका अधिकारीलाई उद्धृत गर्दै एएफपीले जनाएको छ ।

जापानमा गएको ७.१ म्याग्निच्युडको भूकम्पले आवासीय घरहरू क्षतिग्रस्त भएको पुलहरूलाई क्षति पुऱ्याउनुका साथै १० औं हजार बासिन्दाहरू बिजुली र पानीको सुविधाबाट बञ्चित भएको जनाइएको छ ।

भूकम्पपछि सपिङ मल खाली गरिएको थियो तर करिब ५० मिनेटपछि ठूलो विष्फोट हुँदा अज्ञात संख्यामा कर्मचारीहरू अझै पनि भित्र रहेको आशंका गरिएको छ । यात्सुशिरो सहरको निप्पोन पेपर कारखानामा पाँच जनाको मृत्यु भएको पुष्टि भएको र अन्य चार जना बेपत्ता रहेको सरकारी अधिकारीलाई उद्धृत गर्दै बुधबार एएफपीले बताएको छ ।

युएस जियोलोजिकल सर्भेका अनुसार भूकम्पको तीव्रता ६.८ मापन गरिएको छ । प्रशान्त 'रिङ अफ फायर'को पश्चिमी किनारमा चार प्रमुख टेक्टोनिक प्लेटहरूको शीर्षमा अवस्थित जापान विश्वको सबैभन्दा भूकम्पीय रूपमा सक्रिय देशहरूमध्ये एक हो ।

कुमामोटो सन् २०१६ मा दुईवटा विनाशकारी भूकम्पले प्रभावित भएको थियो, जसमा २७३ जनाको मृत्यु भएको थियो भने हजार ८०० भन्दा बढी घाइते भएका थिए । सन् २०११ मा जापानमा ९.० म्याग्निच्युडको भूकम्प आउँदा १८ हजार ५०० मानिसको ज्यान गएको थियो भने फुकुसीमा आणविक संयन्त्र ध्वस्त भएको थियो । *रासस/एएफपी*

# ग्रिसको क्रेट टापुमा आगलागीका कारण हजारौं विस्थापीत



**एथेन्स (ग्रिस)**– ग्रिसको क्रेट टापुमा रहेको पर्यटक रिसोर्टमा आगलागीको खतरा बढ्दै जाँदा हजारौं मानिसहरूलाई सुरक्षित स्थानमा स्थानान्त्रण गरिएको स्थानीय अधिकारीले बताएका छन् ।

प्रभावित क्षेत्रका लगभग आठ हजार मानिसहरूलाई सुरक्षित स्थानमा स्थानान्त्रण गरिएको रेथिम्नो क्षेत्रका उपगभर्नर मारिया लियोनीले सरकारी टिभी इआरटीलाई बताएका छन् ।

बुधबारदेखि सुरु भएको आगोले यो समाचार तयार पार्दासम्म दुई जना अग्नि नियन्त्रकको ज्यान लिएको उल्लेख गरिएको छ भने आगलागी साँझमा दिशा परिवर्तन गर्नुअघि प्रभावित गाउँको एक किलोमिटरभित्र पुगेपछि उक्त स्थनमा खतरा बढेकाले उनीहरूलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्ने निर्णय गरिएको जनाइएको छ ।

आगलागीले घर, कृषि सुविधा र जनावर हरूसमेत जलेको अनुमान गरिएको छ । यद्यपि, आगलागी जारी रहेकाले मृतकको संख्या अझै यकीन नभएको लियोनीले बताएका छन् ।

दुई जना अग्निशामक क्रया भ्रिसी गाउँ नजिकैको पहाडी सडकमा फसेको अवस्था रहँदा र हावाको दिशा परिवर्तन हुँदै जाँदा आगोले जलेर उनीहरूको मृत्यु भएको जनाइएको छ । पेलोपोनिस प्रायद्वीपको गिथियो नजिकै छुट्टै आगो निभाउने प्रयासको क्रममा अर्को एक जना अग्निनियन्त्रकको मृत्यु भएको जनाइएको थियो ।

अग्निशामक विभागले दक्षिण-पश्चिमी क्रेटको रेथिम्नो क्षेत्रमा २०० भन्दा बढी अग्निशामक र ५३ वटा फायर इञ्जिन सञ्चालन गरेको जनाइएको छ । तटरक्षकका प्रवक्तालाई उद्धृत गर्दै एएफपीले एगिया ग्यालिनीमा चार वटा गस्ती डुंगा अतिरिक्त निकासीमा मद्दत गर्न तयार रहेको जनाएको छ । तर अवस्था अत्यन्त कठिन भएको जनाइएको छ ।

ग्रिसका प्रधानमन्त्री किरियाकोस मित्सोटाकिसले आगलागी नियन्त्रण प्रयासमा ज्यान गुमाउने अग्निशामकको कार्यको प्रशंसा गर्दै उनीहरूप्रति श्रद्धाञ्जली अर्पण गरेका छन् । लामो खडेरी, उच्च तापक्रम र तीव्र हावाका कारण ग्रिसले हरेक वर्षजसो गर्मीमा विनाशकारी जंगली आगोको सामना गर्ने गरेको जनाइएको छ ।

नागरिक सुरक्षा मन्त्रालयले क्रेट, ग्रेटर एथेन्स क्षेत्र, पूर्वी पेलोपोनिस र अधिकांश एजियन टापुहरूसहित बिहीबारका लागि धेरै क्षेत्रहरूलाई अधिकतम आगोको सतर्कता कायम राखेको जनाइएको छ । *रासस/एएफपी*

# एआई चिपको मागले सामसुङको नाफामा ऐतिहासिक उछाल




**सियोल**– कृत्रिम बौद्धिकता (एआई) प्रविधिमा आधारित डेटा सेन्टरका लागि आवश्यक उच्च क्षमताका मेमोरी चिपको तीव्र मागका कारण दक्षिण कोरियाली प्रविधि कम्पनी सामसुङ इलेक्ट्रोनिक्सले सन् २०२६ को दोस्रो त्रैमासिकमा ऐतिहासिक वित्तीय उपलब्धि हासिल गरेको छ । कम्पनीको परिचालन मुनाफा गत वर्षको सोही अवधिको तुलनामा झण्डै १९ गुणाले बढ्दै ८९५ खर्ब वोन पुगेको छ र यो करिब एक हजार ८०० प्रतिशतको वार्षिक वृद्धि हो ।

यद्यपि वित्तीय नतिजा अत्यन्त बलियो देखिए पनि एआई क्षेत्रमा भइरहेको तीव्र लगानी दीर्घकालसम्म टिकाउ हुने वा नहुने भन्ने चिन्ताका कारण दक्षिण कोरियाको सेयर बजारमा भने ठूलो उतारचढाव देखिएको छ । यही कारण सामसुङ तथा प्रतिस्पर्धी कम्पनी एसके हाइनिक्सको सेयरमा तीव्र गिरावट आएको छ ।

सामसुङले सार्वजनिक गरेको विवरणअनुसार अप्रिल-जुन अवधिमा कम्पनीको राजस्व एक हजार ७१५ खर्ब वोन पुगेको छ । यो अघिल्लो वर्षको तुलनामा १३० प्रतिशत बढी हो । यस अवधिमा कम्पनीको शुद्ध नाफा पनि करिब एक हजार ३०० प्रतिशतले वृद्धि भई ७१६ खर्ब वोन पुगेको छ । दक्षिण कोरियाको योन्हाप समाचार एजेन्सीले वित्तीय तथ्यांक उद्धृत गर्दै यी नतिजाले बजारको अपेक्षा पूरा गरेको जनाएको छ ।

वित्तीय उपलब्धिका बाबजुद बुधबार दक्षिण कोरियाको सेयर बजारमा एआईसँग सम्बन्धित कम्पनीका सेयरमा व्यापक बिक्री दबाब देखिएको थियो । सामसुङको सेयर १२ प्रतिशतभन्दा बढी घट्दा यसको प्रमुख प्रतिस्पर्धी एसके हाइनिक्सको सेयर पनि अघिल्लो दिनको १४ प्रतिशत गिरावटपछि थप करिब २० प्रतिशतले ओरालो लागेको थियो । पछिल्लो एक महिनामा रेकर्ड उचाइमा पुगेको एसके हाइनिक्सको बजार मूल्य झण्डै आधामा झरेको छ ।

एसके हाइनिक्सले पनि दोस्रो त्रैमासिकमा अघिल्लो वर्षको तुलनामा उल्लेखनीयरूपमा बढी राजस्व र परिचालन मुनाफा कमाएको भए पनि त्यो विश्लेषकहरूको अपेक्षाभन्दा कम रहेको जनाइएको छ । सामसुङ, एसके हाइनिक्स र अमेरिकी कम्पनी माइक्रोन विश्वका प्रमुख उच्च-ब्याण्डविड्थ मेमोरी (एचबिएम) चिप उत्पादकमध्ये पर्छन् । यी चिपहरू एआई प्रोसेसरमा च्याटबोट सञ्चालन, जटिल गणना तथा यथार्थपरक तस्बिर निर्माणजस्ता कार्यका लागि अत्यावश्यक मानिन्छन् ।

सामसुङले आफ्नो मेमोरी व्यवसायले सर्भर उत्पादनलाई प्राथमिकता दिँदै हालसम्मकै उत्कृष्ट त्रैमासिक प्रदर्शन गरेको जनाएको छ । लगातार दुई दिनको गिरावटपछि बिहीबार बिहान कम्पनीको सेयर करिब तीन प्रतिशतले सुधारिएको थियो ।

कम्पनीले वर्षको दोस्रो छ महिनामा पनि सर्भरसम्बन्धी उत्पादनको माग बलियो रहने विश्वास व्यक्त गरेको छ । पूर्वाधार विस्तार, एआईमा बढ्दो लगानी तथा प्रयोगकर्ताका लागि स्वतन्त्र रूपमा कार्य सम्पन्न गर्न सक्ने 'एजेन्ट एआई' प्रविधिको विस्तारले बजारलाई थप चलायमान बनाउने कम्पनीको अपेक्षा छ । कम्पनीका प्रमुख वित्तीय अधिकारी पार्क सून-चोलका अनुसार विश्वव्यापी मेमोरी चिपको अभाव सन् २०२७ मा अझ गहिरिने र त्यसको प्रभाव सन् २०२८ सम्म कायम रहने अनुमान गरिएको छ ।

सामसुङले अमेरिकाको टेक्सास राज्यस्थित टेलरमा निर्माणाधीन पहिलो चिप उत्पादन केन्द्र यसै वर्ष सञ्चालनमा ल्याउने तयारी अन्तिम चरणमा पुगेको जनाएको छ । दोस्रो उत्पादन केन्द्रको निर्माण यसै वर्षपछि सुरु हुने र सन् २०३० सम्म पूर्ण व्यावसायिक उत्पादनमा लैजाने लक्ष्य राखिएको छ ।

विश्लेषकहरूका अनुसार एआईको तीव्र विस्तारले उच्चस्तरीय एचबिएम चिपमात्र नभई, परम्परागत न्याण्ड र ड्राम मेमोरी चिपको मूल्य तथा ढुवानीमासमेत उल्लेखनीय वृद्धि गराएको छ । बजार अनुसन्धान संस्था काउन्टरपोइन्टका विश्लेषक एमएस ह्वाङका अनुसार सामसुङले मेमोरी क्षेत्रमा रहेको आफ्नो बलियो आधारको उपयोग गर्दै विभिन्न व्यापारिक क्षेत्रमा आक्रामकरूपमा बजार हिस्सा विस्तार गरिरहेको छ ।

हालै सामसुङले अमेरिकी चिप निर्माता ब्रोडकमसँग रणनीतिक सहकार्य गरी एचबिएमसहित उन्नत मेमोरी समाधान उपलब्ध गराउने घोषणा गरेको थियो । यो साझेदारीको कुल मूल्य सन् २०३० सम्म दुई खर्ब अमेरिकी डलर नाघ्ने अनुमान गरिएको छ ।

ह्युण्डाई रिसर्च इन्स्टिच्युटका आर्थिक अनुसन्धान प्रमुख जो वोनका अनुसार यो सहकार्यलाई सामसुङले एनभिडियामा सीमित ग्राहक आधार विस्तार गर्दै अन्य एआई चिप उत्पादकसँग दीर्घकालीन सम्बन्ध मजबुत बनाउने रणनीतिका रूपमा लिन सकिन्छ ।

यसैबीच, सामसुङले अमेरिकी सेयर बजारमा सूचीकृत हुने सम्भावनाबारे चलेका अड्कलबाजीलाई पनि अस्वीकार गरेको छ । कम्पनीका वित्तीय अधिकारी पार्कले बलियो नगद प्रवाह रहेकाले तत्काल पुँजी संकलनको आवश्यकता नरहेको स्पष्ट पारेका छन् ।

दक्षिण कोरियामा बढ्दो सेमिकण्डक्टर उद्योगले सरकारी राजस्वसमेत उल्लेखनीयरूपमा बढाएको छ । राष्ट्रपति ली जे म्युङले यस अवस्थालाई नयाँ लगानीका लागि 'सुनौलो अवसर' को संज्ञा दिएका छन् । सरकारले सामसुङ र एसके हाइनिक्सले ग्वाङ्जुको पूर्वसैन्य विमानस्थल क्षेत्रमा चारवटा अत्याधुनिक चिप उत्पादन केन्द्र स्थापना गर्न संयुक्तरूपमा आठ हजार खर्ब वोन लगानी गर्ने योजनालाई पनि पुष्टि गरेको छ ।

यद्यपि विश्लेषक जो वोनले उक्त परियोजना दीर्घकालीन भएकाले त्यसको प्रतिफल आउन समय लाग्ने बताउँदै अहिलेको सबैभन्दा ठूलो चुनौती भनेको विश्वव्यापी सेमिकण्डक्टर 'सुपरसाइकल' अपेक्षाभन्दा चाँडै समाप्त हुन सक्ने जोखिम रहेको उल्लेख गरेका छन् । *रासस/एएफपी*

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – २८४००० | प्रति तोला – ० | प्रति तोला – ४३१० |



**हस्तकलाको व्यापार** | **ललितपुरस्थित पाटन दरबार परिसरको ऐतिहासिक ढुंगेधारा 'मंगा हिटी' नजिक सडकमा बिक्रीका लागि राखिएका हस्तकलाका सामग्री, सिक्का, मूर्ति, खप्पर तथा अन्य साम्रगी बेच्नका लागि मिलाउँदै व्यापारी। यहाँ स्वदेशी तथा विदेशी पर्यटकले यस्ता सामग्री किनमेल गर्ने गर्छन्।** *तस्बिरः शशीधर अधिकारी/रासस*

# विद्युत् महसुललाई समायनुकूल बनाउने प्राधिकरणको तयारी

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल विद्युत् प्राधिकरणले विद्युत् महसुल संरचनालाई समयानुकूल बनाउन पुनरावलोकन प्रक्रिया अघि बढाएको छ। विद्युत्को अधिकतम उपयोग, आन्तरिक विद्युत् खपत विस्तार तथा उपभोक्तामैत्री महसुल प्रणाली विकास गर्ने उद्देश्यसहित प्राधिकरण सञ्चालक समितिले समिति गठन गर्ने निर्णय गरेको हो।

प्राधिकरण सञ्चालक समितिको बुधबारको बैठकले हालको महसुल संरचनाको समग्र समीक्षा गरी नयाँ प्रस्ताव तयार गर्न १५ दिनको समय सीमासहित समिति गठन गरेको जनाएको छ। समितिले तयार गर्ने प्रतिवेदनका आधारमा नयाँ महसुल निर्धारणका लागि विद्युत् नियमन आयोगसमक्ष प्रक्रिया अघि बढाइनेछ।



प्राधिकरणका सञ्चालक समिति सदस्य अंशुकिरण शाहीका अनुसार पछिल्ला वर्षहरूमा जलविद्युत् उत्पादन उल्लेख्य रूपमा बढ्दै गएको र वर्षायाममा उत्पादन भएको विद्युत् पूर्ण रूपमा खपत हुन नसक्दा आन्तरिक उपभोग बढाउने नीति आवश्यक देखिएको छ। घरायसी तथा औद्योगिक क्षेत्रलाई लक्षित गरी महसुल संरचनामा सुधार गर्ने तयारी गरिएको उनले जानकारी दिए।

प्राधिकरणले गार्हस्थ्य उपभोक्तालाई थप सहुलियत प्रदान गर्ने तथा उच्च विद्युत् खपत गर्ने उत्पादनमूलक उद्योगलाई उपयुक्त र सहज दरमा विद्युत् उपलब्ध गराउने लक्ष्य राखेको छ। यसबाट उपभोक्ताको मासिक विद्युत् खर्चमा कमी आउनुका साथै उद्योगको उत्पादन लागत घट्ने अपेक्षा गरिएको छ। महसुल पुनरावलोकनका लागि सञ्चालक समितिका सदस्य शाहीको संयोजकत्वमा समिति गठन गरिएको छ। समितिमा ऊर्जा जलस्रोत तथा सिँचाइ मन्त्रालयका प्रतिनिधि, नेपाल उद्योग वाणिज्य महासंघका प्रतिनिधि, ऊर्जा तथा विद्युत् क्षेत्रका विज्ञ, उपभोक्ता प्रतिनिधि तथा नेपाल विद्युत् प्राधिकरणको वितरण तथा ग्राहक सेवा निर्देशनालयका उपकार्यकारी निर्देशक सदस्य-सचिव रहने व्यवस्था गरिएको छ।

त्यस्तै, सञ्चालक समितिले विगतका खरिद प्रक्रिया र सञ्चालनमा रहेका परियोजनासम्बन्धी उजुरी तथा गुनासोको अध्ययन गर्न अर्को छुट्टै छानबिन समिति पनि गठन गरेको छ। सञ्चालक समितिका सदस्य शम्भु केसीको संयोजकत्वमा प्राविधिक, कानुनी तथा सार्वजनिक खरिदसम्बन्धी तीन जना विज्ञ सदस्य रहनेछन् भने प्राधिकरणले तोकेको उपकार्यकारी निर्देशक सदस्य सचिव रहनेछन्।

छानबिन समितिलाई विगतका खरिद प्रक्रिया, सञ्चालन परियोजना तथा प्राप्त उजुरीको अध्ययन गरी सुधारका सुझावसहित दुई महिनाभित्र प्रतिवेदन बुझाउने जिम्मेवारी दिइएको छ।

# विद्युत् 'पोल' भाडा बक्यौता असुली प्रक्रिया सुरू

■ प्रभाव संवाददाता

**काठमाडौं** – लामो समयदेखि रोकिएको नेपाल विद्युत् प्राधिकरणको विद्युत् 'पोल' भाडा बक्यौता असुली प्रक्रिया कार्यान्वयनमा आएको छ।

इन्टरनेट सेवा प्रदायक कम्पनी वर्ल्डलिंक कम्युनिकेसनले नेपाल विद्युत् प्राधिकरणअन्तर्गत वितरण तथा ग्राहक सेवा निर्देशनालय, बागमती प्रदेश डिभिजनल कार्यालयमार्फत पोल भाडा बक्यौता भुक्तानी प्रक्रिया सुरु गरेको छ।

वर्ल्डलिंकले आर्थिक वर्ष २०८२/८३ को स्वःघोषणाका आधारमा निर्धारण गरिएको पोल भाडा रकममध्ये कर कट्टीपश्चात् भुक्तानी प्रक्रिया अघि बढाएको हो।

कम्पनीले आव २०८१/८२ को हकमा संयुक्त रूपमा गरिएको पोल तथा डिबी बक्सको प्रमाणीकरणका आधारमा हिसाब मिलान गरी यसअघि भएको दोहोरो भुक्तानीसमेत समायोजन गर्दै बाँकी रकम भुक्तानी गरेको जनाएको छ।

यसैबीच, ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री विराजभक्त श्रेष्ठले राज्यको पूर्वाधार उपयोग गर्ने सबै सेवा प्रदायकले कानुनअनुसार तिर्नुपर्ने शुल्क समयमै भुक्तानी गर्नु दायित्व भयो। उनले वर्ल्डकपबाट सुरु भएको भुक्तानी प्रक्रियालाई सकारात्मक सुरुआत भएको उल्लेख गर्दै अन्य सेवा प्रदायकले पनि कानुनबमोजिम आफ्नो दायित्व पूरा गर्ने विश्वास व्यक्त गरे।

मन्त्री श्रेष्ठले सरकार विधिको शासन र कानुनको निष्पक्ष कार्यान्वयनमा प्रतिबद्ध रहेको स्पष्ट पार्दै कार्यान्वयनका क्रममा देखिने व्यावहारिक समस्याको समाधान कानुनको सीमाभित्र रहेर गरिने बताए।

कानुन कार्यान्वयनलाई अनावश्यक रूपमा राजनीतिक रङ दिने वा भ्रम सिर्जना गर्ने प्रयासप्रति सचेत रहनुपर्ने उल्लेख गर्दै मन्त्री श्रेष्ठले सबैका लागि समान रूपमा कानुन कार्यान्वयन हुने सरकारको नीति रहेको स्पष्ट पारे।

## लघुवित्त पीडितसँग वार्ता गर्न समिति गठन

**काठमाडौं (प्रस)**– अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले लघुवित्त पीडितसँग वार्ता गर्न अर्थ मन्त्रालयका सहसचिव महेश आचार्यको संयोजकत्वमा समिति गठन गरेका छन्। सदस्यमा विनोदकुमार भट्टराई, सुरेश पन्थी र राष्ट्र बैंकका कार्यकारी निर्देशक रामु पौडेल रहेका छन्।

# दोहोरो अंकले घट्यो नेप्से परिसूचक

**काठमाडौं (प्रस)**– धितोपत्र बजारमा सेयर कारोबार मापक नेप्से परिसूचक बिहीबार दोहोरो अंकले घटेको छ। नेपाल स्टक एक्सचेञ्जका अनुसार नेप्से परिसूचक १६ दशमलव २९ अंकले घटेर दुई हजार ६७२ दशमलव ५८ मा पुगेको छ।

ठूला कम्पनीको कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक दुई दशमलव ३१ अंकले घटेर ४६७ दशमलव ६९ पुगेको छ। त्यस्तै फ्लोट सूचक शून्य दशमलव ९७ अंकले घटेर १८३ दशमलव ५९ मा पुगेको छ। त्यस्तै सेन्सेटिभ फ्लोट सूचक शून्य दशमलव ७७ अंकले घटेर १५८ दशमलव ५० मा पुगेको छ।

विभिन्न कम्पनीका ७५ लाख ४८ हजार ५९१ कित्ता सेयर रु तीन अर्ब ३८ करोड १३ लाख १८ हजार २४८ मूल्यमा खरिद बिक्री भएको छ। आज १३ उपसमूहमध्ये १३ वटै उपसमूह घटेका छन्। ५९ कम्पनीको सेयर बढ्यो भने २०६ कम्पनीको सेयर घट्यो। त्यसैगरी ११ कम्पनीको सेयर स्थिर रह्यो।

नेप्सेका अनुसार एभरेष्ट कलर लिमिटेड, सेन्ट्रल फाइनान्स कम्पनी, सुभम पावर कम्पनीका लगानीकर्ताले कमाएका छन्। त्यस्तैगरी कालिञ्चोक हाइड्रोपावर कम्पनी, कर्पोरेट डेभलपमेन्ट बैंक र सोलु हाइड्रोपावर कम्पनीका लगानीकर्ताले गुमाएका छन्।

# नेपाल चेम्बर अफ कमर्श र उद्योग वाणिज्य महासंघले गरे शान्ति र सद्भावको कामना

■ प्रभाव संवाददाता

**काठमाडौं** – नेपालको तराई क्षेत्रमा पछिल्ला दिनमा घटेका घटनाप्रति व्यवसायीहरूले चासो व्यक्त गरेका छन्। पछिल्ला दिनमा भएका घटनाप्रति चिन्ता व्यक्त गर्दै नेपाल चेम्बर अफ कमर्स र उद्योग वाणिज्य महासंघले शान्ति र सद्भाव कायम गर्न आग्रह गरेको छ। नेपाल चेम्बर अफ कमर्सले तराईका केही स्थानमा हालै घटेका घटनाप्रति गहिरो चिन्ता व्यक्त गरेको छ। चेम्बरले वर्तमान परिस्थितिमा संयमता, सामाजिक सद्भाव र राष्ट्रिय एकतालाई प्राथमिकता दिन सबै पक्षसँग आग्रह गरेको हो।

चेम्बरद्वारा जारी वक्तव्यमा नेपाल विभिन्न धर्म, संस्कृति तथा समुदायबीचको आपसी सम्मान, सद्भाव र सहअस्तित्वको भावनामा आधारित राष्ट्र भएको उल्लेख गर्दै यही विविधता देशको सबैभन्दा ठूलो शक्ति रहेको जनाएको छ। चेम्बरले सामाजिक सद्भाव र सहिष्णुताको संरक्षण तथा प्रवर्द्धन गर्नु सबै नागरिकको साझा जिम्मेवारी भएको जनाएको छ।

चेम्बरले संवेदनशील परिस्थितिमा अफवाह, भ्रामक सूचना तथा कुनै पनि प्रकारका हिंसात्मक गतिविधिबाट टाढा रहन नागरिकलाई अपिल गरेको छ। वक्तव्यमा कुनै पनि असहमति वा मतभेद मानव जीवन, सामाजिक सद्भाव र राष्ट्रिय एकताभन्दा ठूलो हुन नसक्ने उल्लेख गरिएको छ।

नेपाल चेम्बर अफ कमर्सले शान्ति, सुरक्षा तथा जनजीवनलाई पुनः सामान्य बनाउन नेपाल सरकार, स्थानीय प्रशासन, सुरक्षा निकाय, जनप्रतिनिधि, प्रतिपक्षी दल तथा समुदायका अगुवाहरूले गरिरहेका प्रयासहरूको प्रशंसा गरेको छ। साथै, सबै सम्बन्धित पक्षलाई खुला संवाद, पारदर्शिता, निष्पक्षता तथा आपसी सम्मानका आधारमा निरन्तर समन्वय र सहकार्य गर्न आग्रह गरिएको छ।

वक्तव्यमा धार्मिक अगुवा, सामाजिक संघसंस्था, युवा समूह, नागरिक समाज, सञ्चारमाध्यम तथा निजी क्षेत्रलाई सामाजिक सद्भाव अभिवृद्धि गर्न, सबै धर्म र समुदायप्रति सम्मानको भावना विकास गर्न तथा एकतामूलक वातावरण निर्माणमा सक्रिय योगदान दिन अनुरोध गरिएको छ। दिगो शान्ति र स्थायित्व सबैको साझा प्रयासबाट मात्र सम्भव हुने चेम्बरले उल्लेख गरेको छ।

चेम्बरले प्रभावित व्यवसायको पुनःस्थापना, समुदायबीच सहकार्य तथा जनविश्वास पुनर्निर्माणका लागि आवश्यक सकारात्मक पहलमा साथ दिन सदैव तयार रहेको प्रतिबद्धता जनाएको छ। सरकार, स्थानीय समुदाय तथा सरोकारवालासँगको सहकार्यमार्फत निजी क्षेत्रले पुनर्निर्माण, पुनरुत्थान तथा दीर्घकालीन शान्ति र समृद्धि स्थापनामा महत्वपूर्ण भूमिका खेल्नसक्ने विश्वास वक्तव्यमा व्यक्त गरिएको छ।

त्यसैगरी नेपाल उद्योग वाणिज्य महासंघ (एफएनसिसिआई)ले सुनसरीको कप्तानगञ्जलगायत तराईका विभिन्न जिल्लामा देखिएको अशान्त अवस्थाप्रति गम्भीर ध्यानाकर्षण भएको जनाएको छ।

महासंघले प्रेस विज्ञप्ति जारी गर्दै नेपाल बहुजातीय, बहुभाषिक, बहुधार्मिक र बहुसांस्कृतिक एकताको अनुपम उदाहरणका रूपमा रहनुका साथै तराई-मधेश क्षेत्र विभिन्न जातजाति, भाषाभाषी र समुदायबीचको आपसी भाइचारा, सामाजिक सद्भाव र सहिष्णुताको केन्द्र भएको उल्लेख गरेको छ। कुनै पनि बहानामा हुने सामाजिक अशान्ति, हिंसा र तनावले सामाजिक सद्भाव मात्र नभई उद्योग, व्यापार, दैनिक जनजीवन तथा समग्र आर्थिक गतिविधिमा गम्भीर असर पर्ने विज्ञप्तिमा उल्लेख गरिएको छ।

'सामाजिक सद्भाव र शान्तिलाई मुलुकको समृद्धि तथा आर्थिक विकासको पूर्वशर्तका रूपमा महासंघले व्याख्या गरेको छ। महासंघले जुनसुकै मतभेद वा असमझदारीको समाधान शान्तिपूर्ण वार्ता, संवाद र आपसी समझदारीबाट मात्रै सम्भव हुने विश्वास व्यक्त गरेको छ। साथै सुनसरीको कप्तानगञ्जलगायत प्रभावित क्षेत्रमा शान्ति सुरक्षाको पूर्ण प्रत्याभूति दिलाउन स्थानीय प्रशासन र सरकारसँग माग गर्छौं', विज्ञप्तिमा भनिएको छ।

बालबालिकालाई डिजिटल जोखिमबाट सुरक्षित गरौं

- बालबालिकालाई सुरक्षित र जिम्मेवार डिजिटल प्रयोगबारे सचेत गराऔं,
- व्यक्तिगत विवरण, पासवर्ड र गोप्य जानकारी सुरक्षित राख्न सिकाऔं,
- अपरिचित व्यक्तिसँग अनलाइन सम्पर्क गर्दा सावधानी अपनाऔं,
- शंकास्पद लिंक, सन्देश र सामाग्रीबाट टाढा रहन प्रेरित गरौं,
- इन्टरनेट प्रयोगमा अभिभावकीय निगरानी र संवाद बढाऔं,
- सामाजिक सञ्जालको सकारात्मक र मर्यादित प्रयोग गरौं,
- अनलाइन दुर्व्यवहार भए/गरेको पाइएमा नजिकको प्रहरी कार्यालयमा खबर गरौं।

प्रविधिको सही प्रयोगमार्फत् बालबालिकाको सुरक्षित भविष्य निर्माण गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

**प्रभाव पब्लिकेसन प्रा.लि.**द्वारा प्रकाशित **मुद्रणः** एक्प्रेस कलर प्रेस, **कार्यालयः** काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, **विज्ञापनका लागिः** marketing2prabhab@gmail.com, **प्रबन्ध निर्देशकः** कृष्ण कार्की, **सम्पादकः** विष्णु तामाङ